CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१३९ पूर्णाङ्क

पुराना अभिलेखमा मानेश्वरी १८१-१८८

ने.सं. ६४८ देखि ८६६ भित्रका, ताडपत्रका १५ वटा लिखत १८९-२४२



संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटे गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३५ वर्ष

३ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ३००।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिक्रीमा भएका हाम्रा कृति

१.	*अभिलेख-संग्रह* (६-१२ भाग)	५।-
२.	*आदर्श, अ सप्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल* (१-२ सङ्ख्या)	५५०।-
३.	*इतिहास-संशोधन*	४००।-
४.	*इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ*	५।-
५.	*गोरखाको इतिहास* (१-४ भाग)	५००।-
६.	*त्रिकोणमिति*	२५।४०
७.	*दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको धूपघडी*	१००।-
८.	*धादिङ्मा फेला परेका नेपाली कविता*	७५।-
९.	*नयराज पन्तको दृष्टिमा श्री ३ जङ्गबहादुर राणा*	२००।-
१०.	*नयराज पन्तलाई चिनाउनको लागि*	२५।-
११.	*नेपालको संक्षिप्त इतिहास*	१२५।-
१२.	*नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य*	५।-
१३.	*पञ्चाङ्ग-संशोधन*	१००।-
१४.	*पं. गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति*	१६।४०
१५.	*पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*	८०।-
१६.	*पूर्णिमा* (१६-३२, ३६-१३९ पूर्णाङ्क)	७५०७।-
१७.	*प्राचीन र नवीन गणितको तुलना*	१५।-
१८.	*बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू*	५२५।-
१९.	*बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर*	५०।-
२०.	*म गोबरगणेश बनेछु*	१२५।-
२१.	*रत्नदीप*	२।५०
२२.	*रत्नदीप १ भाग*	१०५।-
२३.	*रत्नदीप २ भाग*	९२।-
२४.	*राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी*	७५।-
२५.	*लिच्छवि-संवत्को निर्णय*	१००।-
२६.	*विद्या-रक्षा*	१००।-
२७.	*विश्रान्ति*	८२।-
२८.	*वृत्तशतक*	३।-
२९.	*व्याकरण-संशोधन*	४५।-
३०.	*श्री ३ महाराज पद्मशमशेरका कुरा*	१२।-
३१.	*सावधान-पत्र*	१२५।-
३२.	*सूची गोरखापत्रमा छापिएका नेवारी लेखको*	३५०।-
३३.	*हाम्रो उद्देश्य र कार्यप्रणाली*	१००।-
३४.	*हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना*	२९।-
३५.	*ह्वट् डिड् अंशुवर्मन् राइट् ?*	४०।-

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग, काठमाडौँ, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४४३५७४९, ९८४९२२१६४२

ई-मेल– samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

हिमालयन बुक सेन्टर

रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

वज्र बुक शप

ज्याठायेल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२

रत्न बुक डिष्ट्रिब्यूटर्स

७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१

रत्नपुस्तकभण्डार

ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुराना अभिलेखमा मानेश्वरी

-महेशराज पन्त

लिच्छविवंशका राजा मानदेवले मानेश्वरीदेवीको प्रतिष्ठा गरे[१] भनी *गोपालराजवंशावली* भनी कहलिएको इतिवृत्तमा गाभिएको, ने.सं. ५०१ (वि.सं. १४३७) मार्गकृष्णद्वादशीसम्मको कुरा परेको वृत्तान्तमा तथा राजा मानदेवले दरबारमा आफ्नै नाउँले आफ्नो कुलमा श्रेष्ठ देवताको सुवर्णमूर्ति बनाई मानेश्वरी प्रतिष्ठा गरे[२] भनी उन्नाइसौँ शताब्दीमा नेपाली भाषामा लेखिएको, *भाषावंशावली* भनी कहलिएको इतिवृत्तमा लेखिएको छ। तर मानेश्वरीको चर्चा ने.सं. ३४४ (वि.सं. १२८०) कार्तिकपूर्णिमाको अभिलेखभन्दा अगाडिका आकरमा आएको मैले देखेको छैन।[३] तिनमध्ये राजाको वा राजा सरहको प्रशस्तिमा मानेश्वरीको नाउँ चढे पनि ने.सं. ५२१ (वि.सं. १४५८) वैशाखशुक्लपञ्चमीको[४] र ने.सं. ६४७ (वि.सं. १५८४) आषाढकृष्णअष्टमीको[५] अभिलेख छोडेर अन्यत्र मानेश्वरीलाई इष्टदेवता भनेको चाहिँ शाके १५५२ ने.सं. ७५० (वि.सं. १६८७) वैशाखकृष्णद्वादशीको अभिलेख[६]भन्दा अगाडि आएकोमा मेरो आँखा परेको छैन। ने.सं. ७५० भन्दा अगाडिका कुन कुन अभिलेखमा मानेश्वरीको सन्दर्भ आएको छ त भनी टिपोट गर्दै जाँदा यो सूची तयार भयो। मैले सारा अभिलेख नकेलाएकोले यो पूरा छ भन्ने दाबीचाहिँ म गर्दिनँ।

१. **भ्रमरक्रीडाकेतुभट्टारकपादानुगृहीर्नित्याराधमान। श्रीमानेश्वरीपादपङ्कज॥ राजाधिराजपरमेश्वरपरमभट्टारक। रघुवंसश्रीमदभयमल्लदेवस्य विजयराज्ये॥**

(राष्ट्रिय अभिलेखालय दोस्रो लगतमा २१५ सङ्ख्यामा रहेको, ने.सं. ३४४ (वि.सं. १२८०) कार्तिकपूर्णिमा बृहस्पतिवारको दिन सारिसिद्धिएको *भारतीय नाट्यशास्त्र*को पुष्पिकाबाट। लूछ्याह्लो पेतेक २०४०: ८३ मा प्रकाशित ८ सङ्ख्याको आकरलाई मूलसँग रुजू गरी दिइएको पाठ)

२. **स्वस्ति श्रीमदभिनवोदितश्रीपशुपतिभट्टारकमहाप्रभावपरिवर्द्धमानज्वलत्प्रतापाणलदग्धनिःशे(ष)रिवृन्दविराजमानश्रीमानेस्वे(रीव)रप्रशादपीयूषपरिपूर्ण्णमूर्त्तिसमुद्गतपौरप्रजासंदोहानुरागजनितकीर्त्यानीतराज्यलक्ष्मीसमालिंगितमहाराजाधिराजपरमेस्वरपरमभट्टारकश्रीश्रीजयार्जुनदेवपादा विजयिन**

(ने.सं. ४८५ (वि.सं. १४२२) आश्विनशुक्लनवमीको ताडपत्रका १-२ पङ्क्तिबाट। महेशराज पन्त २०५०: ६८)

३. **निखिलनरपालमौलिमानिक्यनिघृष्टसमस्तभूपालपरंपरानमितशिखाप्रसूनः सन्धूपितपादार्विन्द अनेकविदग्धवनिताजनकामिनीमनमोहनमदनसुन्दरमालतीमधुकरसकलगुणनिधानविविधविद्याविलासवीर-**

---

१. *गोपालराजवंशावली* २० ख पत्रको ४ पङ्क्ति, २१ क पत्रको १ पङ्क्ति।

२. उदाहरणको लागि *भाषावंशावली* १ भाग २०२०: ७७, ७८।

३. यही लेखमा १ सङ्ख्याको आकर।

४. यही लेखमा ९ सङ्ख्याको आकर।

५. यही लेखमा २५ सङ्ख्याको आकर।

६. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७: १-२।

नारायणेत्यादिविरुदावलीसमलङ्कृतसमस्तप्रक्रियाविराजमानश्रीश्रीश्रीमानेश्वरीवरलब्धप्रयादेकः महाराजाधिराजपरमेश्वरपरमभट्टारकः श्रीश्रीजयार्ज्जुनदेवस्य विजयराज्ये

(केसरपुस्तकालयमा ८६ सङ्ख्याको, ने.सं. ४९६ (वि.सं. १४३२) मार्गकृष्णअष्टमी आदित्यवार हस्तनक्षत्र शोभनयोगमा सारिसिद्धिएको *रामाङ्कनाटिका*को पुष्पिकाबाट। ज्ञानमणि नेपाल २०४०: १४४-१४५ मा परिशिष्ट १९)

४. **परमावदातचरितविमलकीर्तिनिधानभूतस्य त्रिभुवनैकसदनस्य अगनितस्ववृंदावलीविराजमानस्य श्रीश्रीमानेश्वरीवरप्रतिलब्धस्य श्रीमत्श्रीश्रीपशुपतिसंस्थापितस्य विपक्षविध्वंसितभास्करकलिपुरंदरावतारमहामंत्राधिराजतिलकगोपिनारायनमहामंत्रीश्रीजयसिंहरामवर्द्धनस्य प्रतिपालितविजयराज्ये ।।**

(ने.सं. ५०२ (वि.सं. १४३९) आषाढशुक्लदशमी शनिवार स्वातिनक्षत्र साध्ययोगको शिलापत्रका ७-१२ पङ्क्तिबाट। धनवज्र वज्राचार्य २०६८: १६५-१६६ मा ५६ सङ्ख्या)

५. **राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीपशुपतिचरणारविन्दसेवितश्रीमानेश्वरीवरलब्धप्रतापश्रीश्रीजयस्थितिराजमल्लदेवस्य विजयराज्ये**

(केम्ब्रिजविश्वविद्यालयको पुस्तकखानामा १६९८ सङ्ख्याको, ने.सं. ५०६ (वि.सं. १४४२) चैत्रकृष्णत्रयोदशी बुधवारको दिन सारिसिद्धिएको *अमरकोष*को पुष्पिकाबाट। महेशराज पन्त २०६३: ३-४ मा ५ सङ्ख्याको टिप्पणी)

६. **स्वस्ति श्रीश्रीपशुपतिपादपंकेरुहपरागधुलिधुसरितपवित्रभूतोत्तमाङ्गश्रीमन्मानेश्वरीवरलब्धकृपाणशासितान्यमहीपालश्रीश्रीजयस्थितिराजमल्लदेवेन**

(ने.सं. ५०८ (वि.सं. १४४४) मार्गशुक्लदशमी बृहस्पतिवार रेवतीनक्षत्र वरीयान्योग गरकरण सूर्य वृश्चिकराशिमा भएको मितिको शिलापत्रका २५-२६ पङ्क्तिबाट। धनवज्र वज्राचार्य २०६८: १७२-१७४ मा ५८ सङ्ख्या)

७. **परमेश्वरपरमभट्टारकश्रीमानेश्वरीवरलब्धप्रसादअसुरनारायणेत्यादिविविधविरुदराजावलीपूर्व्व(क)समस्तप्रक्रियासमलंकृतमहाराजाधिराजश्रीश्रीमत्जयस्थितिराजमल्लदेवेन संभुज्यमानविजराज्ये ।।**

(ने.सं. ५१२ (वि.सं. १४४९) वैशाखकृष्णषष्ठी आदित्यवार श्रवणनक्षत्र ऐन्द्रयोग गरकरण विश्वमुहूर्तको शिलापत्रका ३-६ पङ्क्तिबाट। ऐजन: १८५-१८७ मा ६२ सङ्ख्या)

८. **स्वस्ति श्रीमहाराजाधिराजपरमेश्वरपरभट्टारकश्रीमानेश्वरीवरलब्धप्रसादमहाप्राप्तवान् जौराजश्रीश्रीजयधर्ममल्लदेवस्य विजयराज्ये**

(कलकत्ताको एशियाटिक सोसाइटीमा १०७२३ सङ्ख्याको, ने.सं. ५१६ (वि.सं. १४५३) ज्येष्ठशुक्लसप्तमी आदित्यवारको दिन सारिसिद्धिएको *चाणक्यसर्वसारसङ्ग्रह*को पुष्पिकाबाट। लूछ्याह्रो पेतेक २०४०: १४६-१४७ मा प्रकाशित १ सङ्ख्याको आकर)

९. **श्रीश्रीश्रीपशुपतिचरणकमलसेवितश्रीश्रीश्रीमानेश्वरीष्टदेवतावरलब्धप्रसादवीरनारायणजुवराजश्रीश्रीजयधर्ममल्लदेवस्य विजयराज्ये ।**

(राष्ट्रिय पुस्तकालयमा ६८१ सङ्ख्याको, ने.सं. ५२१ (वि.सं. १४५८) वैशाखशुक्लपञ्चमी आदित्यवार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलनक्षत्र शिवयोगमा सारिसिद्धिएको *दुर्गासप्तशती*को पुष्पिकाबाट । डिल्लीरमण रेग्मी २०२२: ३७४ मा ५ सङ्ख्याको आकर)

१०. **स्वस्ति श्रीश्रीपशुपतिचरणकमलधूलधूसरितशिरोरुहश्रीमन्मानेश्वरीवरलब्धप्रशादितप्रणामावनिपतिमुकुट-कोटिपत्रांकुररुचिरचरणपल्लवचानक्यप्रभृतिविद्याविद्यावदातसमस्तराजनीतिरत्नाकरनिखिलगान्धर्वविद्यागुरु-परममाहेश्वररघुकुलकमलवनप्रकाशनैकभास्करदेवद्विजगुरुचरणाराधनैकस्वभावषड्दर्शनाराधनैकचित्त-शकलार्थिजनकल्पतरुसर्व्वगुणैकनिधानदैत्यनारायणावतारश्रीपद्मचलशिखरोपरिधर्मालयस्थानासृतश्रीधर्मधातु-वागीश्वरमूर्त्तिः स्वयम्भुचैत्यभग्नस्थापनमहाकीर्तिभाजनविविधविरुदावलीसमलंकृतश्रीश्रीरघुवंशावतंश-महाराजाधिराजपरमेश्वरपरमभट्टारकश्रीमत्श्रीश्रीजयजोतिमल्लदेवेन**

(ने.सं. ५३३ (वि.सं. १४६९) माघशुक्लत्रयोदशी आदित्यवार पुनर्वसूनक्षत्र चन्द्रमा मिथुनराशिमा भएको मितिको शिलापत्रका १२-२० पङ्क्तिबाट । धनवज्र वज्राचार्य २०६८: २३४-२३६ मा ८१ सङ्ख्या)

११. **नेपालभूमिपरिवर्त्तिनरेश्वरेशः श्रीश्रीमतः पशुपतेश्चरणानुभक्तिः**
मानेश्वरीसमुपलब्धवरप्रसादः श्रीराजनीतिगुणनायकशास्त्रसिंधुः ।
श्रीसंसारदेवी च समन्विता संपन्नलक्ष्मीधृतसर्व्वलक्ष्मी ।
ताभ्यां युतो भूतल एव भाति श्रीज्योतिमल्लाच्युत एष वीरः ।।

(ने.सं. ५३६ (वि.सं. १४७२) माघशुक्लपञ्चमीको शिलापत्रका ५-१० पङ्क्तिबाट । ऐजनः २५७-२५८ मा ८९ सङ्ख्या)

१२. **श्रीश्रीपशुपति...(मा)नेश्वरीवरलब्धप्रसादितप्रणामावनिप(ति)मुकुटकोटीपत्रांकुररुचिर(चरणपल्लव-चान)क्यप्रभृतिविद्यावदातसमस्तरा(जनीतिरत्नाकर)...माहेश्वररघुकुलसरोजवनप्रोत्फुल्ल... षट्दर्शनाराधना-चित्तचतुरशकल...महाशागरदैत्यनारायणावतार...(स्वय)म्भूस्थापनकीर्तिभाजनश्रीश्रीय...कीर्तिसुरभिकृत-दिग ... प्रबलतरविविध...तश्री...(पर)मभट्टारकश्रीमच्छिश्रीजयज्योतिर्मल्ल...**

(ने.सं. ५३६ (वि.सं. १४७३) वैशाखपूर्णिमा आदित्यवार स्वातिनक्षत्र शुद्धियोगको शिलापत्रका १४-२३ पङ्क्ति । ऐजनः २६०-२६१ मा ९० सङ्ख्या)

१३. **स्वस्ति ।। श्रीश्रीश्रीपशुपतिभट्टारकस्य पादपंकजपरागबहुलकीर्तिः तस्य पादपद्मोपजीविनः रघुवंशावतारअन्धकार... श्रीमतः ।। श्रीश्रीमानेश्वरीवरलब्धप्रसादविराजमानः श्रीश्रीराघवकुलकमल-प्रकाशितस्य श्रीश्रीरघुवंशतिलकायमानः समस्तप्रक्रियाविराजमानः महामहः ।। महाराजाद्धिराज-प्रमेश्वरप्रमभट्टारकः श्रीश्रीजयजोतिमलदेवस्य विजयराजेः**

(ने.सं. ५४३ (वि.सं. १४८०) आषाढशुक्लदशमी शुक्रवार स्वातिनक्षत्र सिद्धियोगको ताम्रपत्रका १-४ पङ्क्तिबाट । ऐजनः २७३ मा ९६ सङ्ख्या)

१४. **राजाधिराजपरमेश्वरपरमानन्दपरमभट्टारकपरमधार्मिक परोपकारे जीमूतवाहन सर्वविद्यानिधान-सकलभूपालपरम्परापरिणमितशिखाप्रसूनसन्धूपितपादारविन्दसकलकामिनीजनमनमनोहररूप-नारायणसूर्यवंशावतंशरघुकुलतिलकश्रीश्रीश्रीमानेश्वरीवरलब्धप्रसादयिकमहाराजाधिराजपरमेश्वरदैत्य-नारायणेत्यादिविरुदावलीसमलङ्कृतसमस्तप्रक्रियाविराजमानश्रीश्रीजयज्योतिर्मल्लदेवस्य विजयराज्ये**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(राष्ट्रिय पुस्तकालयमा ६९९ क्रमाङ्कको, ने.सं. ५४३ (वि.सं. १४८०) भाद्रशुक्लदशमीउप्रान्त एकादशी मङ्गलवार पूर्वाषाढानक्षत्र आयुष्मान्योगमा सारिसिद्धिएको *ज्योतिराजकरण*को पुष्पिकाबाट। देवीप्रसाद लंसाल २०२२: २७-२८)

१५. **श्रीश्रीमत्पशुपतिचरणकमलशेवितश्रीश्रीमानेश्वरीवरलब्धप्रसादितपरमभट्टारकपरमेश्वरमहाराजाधिराजश्रीश्रीमज्जयज्योतिमल्लदेवस्य विजयराज्ये ।।**

(ने.सं. ५४७ (वि.सं. १४८४) ज्येष्ठको[७] ताम्रपत्रका १-२ पङ्क्तिबाट। धनवज्र वज्राचार्य २०६८: २७७-२७८ मा ९८ सङ्ख्या)

१६. **स्वस्ति ।।श्रीश्रीश्रीपशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरीवरलब्धप्रसादितरघुकूलकमलवनप्रकाशनैकगगनमणिश्रीश्रीराजाधिराजपरमेश्वरपरमभट्टारकश्रीमच्छ्रीजयज्योतिमल्लदेवस्य विजयराज्ये ।।**

(मिति नष्ट भएको शिलापत्रका ३-७ पङ्क्तिबाट। ऐजनः २५५ मा ८८ सङ्ख्या)

१७. **स्वस्ति ।। श्रीश्रीश्रीपशुपतिचरणारविन्दसेवापरायणश्रीमन्मानेश्वरीदेवीवरलब्धपरंपरानुगतदेदीप्यमानमहाराजलक्ष्मीकनिखिलनरपतिचक्रचूडामणिरिपुराजगजकुंभस्थलविदारणमहाभीष्मकण्ठीरुहविविधविरुदावलीसमलंकृतराजाधिराजपरमेश्वर[८]परमभट्टारकरघुवंशकमलवनविकाशनैकभास्करसकलविद्यानिधानगुणिगणालंकृतश्रीनेपालमण्डलेश्वरश्रीलक्ष्मीनारायणावतारश्रीश्रीजययक्षमल्लदेवं सरूपदेवीउदयानदेवीहृदयसरोवरराजहंसः ।।**

(ने.सं. ५५८ (वि.सं. १४९४) फाल्गुनपूर्णिमा (चैत्र १६ गते)[९] मङ्गलवारको शिलापत्रका ४-११ पङ्क्तिबाट। ऐजनः २९०-२९१ मा १०३ सङ्ख्या)

१८. **स्वस्ति श्रीभगवतः श्रीश्रीश्रीपशुपतेः पादपंकजरेणुरंजितो ... (मा)नेश्वरीवरलब्धप्रसादसंभूतप्रभूत...नवसुविभ्राज्यमान...राज्यलक्ष्मीक ‿ नृपनयनीतिविद्यातर्क्कछंदव्याकरणादिवेदांग...नानाविधविदग्धविद्याधरमहाचातुर्य...माहात्म्यगुणगभीरप्रणताशेषभूपसामंतमौलिमाललितपादपुंडरीक अ...ख्यातादिश्रुतकथाकुण्डलश्रवणालंकारसुजनपरिजनानंदकारमहाकीर्त्तिपुरस्कारकरणीकृतमा...स्र्व कुलकमलविकासनैकसहस्रांशुप्रमत्तबलपौरुषवैरिगणारण्यदावानलनगरनागरीकुलकामिनीकंदर्पबृहत्कीर्त्तिस...लितहेमप्रणालीनिर्म्मितपादादिस्थापनविजयवेजयंतीप्रतिस्पर्द्धिनिर्म्माणमहापुण्यप्रासादप्रतिष्ठाकृतश्रीलक्ष्मीनारायणमूर्त्त्यंकितश्रीश्रीजययक्षमल्लदेवेन ।।**

(ने.सं. ५६० (वि.सं. १४९७) ज्येष्ठशुक्लएकादशी बुधवारको शिलापत्रका १०-१६ पङ्क्तिबाट। ऐजनः २९४-२९७ मा १०४ सङ्ख्या)

---

७. यस ताम्रपत्रमा ज्येष्ठशुक्लदशमीसम्मको कुरा हाली त्यसको भोलिपल्टदेखि १२ दिनसम्म चलेको लक्षहोमको कुरा लेखिएको छ। तिथिको घटबढ विचार नगरी सोझै गन्दा दशमीको भोलिपल्ट अर्थात् ज्येष्ठशुक्लएकादशीदेखि बाह्रौँ दिन ज्येष्ठकृष्णसप्तमी हुन्छ।

८. प्रूफको गल्तीले त्यहाँ **परेमश्वर** छापिएको छ।

९. शङ्करमान राजवंशी २०२२: ४३ मा १२ सङ्ख्याको आकर।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१९. **श्रीश्रीपशुपतिपरागधूलीपरिरञ्जितोत्तमाङ्गस्य ॣ श्रीश्रीमानेश्वरीलब्धवरानुमोदितस्य ॣ सकलराजवङ्ग-क्षीराम्बुधिसञ्जातचन्द्रमसः सकलनेपालावस्थितलोकपङ्केरुहविपिनप्रकाशनैकभास्करस्य क्षत्रियान्वयचूडामणेः श्रीश्रीजययक्षमल्लदेवभूपतेर्हृदयानन्दकारिणो वरकुमारस्य श्रीजयरायमल्लदेवस्य कणकतुलापुरुषमहादानयज्ञोत्सवे श्रीश्रीवाग्मतीसन्निधाने ॣ श्रीश्रीश्रीपशुपतिमहास्थाने ॣ तद्दर्शनकुतूहला-पूर्ण्णलोकानां कोलाहलो वर्त्तते ॥**

[...] रविकुलप्रकाशनैकभास्करस्य श्रीमच्छ्रीश्रीपशुपतिपादारविन्दसेवितस्य श्रीश्रीमानेश्वरीपादार्च्चनपरि-वर्द्धमानराजश्रियः श्रीश्रीजययक्षमल्लदेवभूपालेश्वरस्य हृदयानन्दकारिणो श्रीश्रीजयरायमल्लदेवस्य कनकतुलापुरुषमहादानप्रसंङ्गे [...]

(केसरपुस्तकालयमा २७ सङ्ख्याको, ने.सं. ५७३ (वि.सं. १५०९) मार्गअमावास्या (पूर्णान्तिमानले पुसे औँसी)मा ग्रहण लाग्दा[१०] गरिने, राय मल्लको सुवर्णतुलादानमा खेलाउन तयार गरिएको *चतुरङ्गमहाभारतनाटक*बाट । महेशराज पन्त २०३४ कः ३०१-३०२ मा ४ सङ्ख्या)[११]

२०. **सांद्रानंदा ॣ विरताभिवन्द्यमान ॣ श्रीश्रीश्रीपशुपतिचरण ॣ सारसकिंजल्क ॣ पराग ॣ पिञ्जरित ॣ मस्तकस्य ॣ श्रीमानेश्वरी ॣ वरलब्दप्रभावसंमदविराजितस्य ॣ रघुकुलक्षीरार्ण्णव ॣ संभवकुमुद-बान्धवस्य ॣ राजन्यवंशशिरोरत्नस्य ॣ श्रीमत्कंसनारायणावतारश्रीश्रीजयरत्नमल्लदेवस्य ॣ**

(ने.सं. ६०७ (वि.सं. १५४४) ज्येष्ठशुक्लदशमी बृहस्पतिवार चित्रानक्षत्र परिघयोग गरकरण पर्दा खेलाइएको *चतुरङ्गरामायणनाटक*बाट। महेशराज पन्त २०३४: २८४, २८८)

२१. **श्रीश्रीपशुपतिचरणकमलधूलिधूसरितसिरोरुहश्रीमन्मानेश्वरीवरलब्धप्रसादिकेरघुवंशावतारदेदीप्यमान-राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयहृदयमल्लदेवकुमारस्य**

(राष्ट्रिय पुस्तकालयमा रहेको *जगन्मोहन*मा ने.सं. ६१६ (वि.सं. १५५२) कार्तिककृष्णएकादशी बृहस्पतिवार हस्तनक्षत्र प्रीतिउप्रान्त आयुष्मान्योग बवकरण वसुमुहूर्तको टिपोटबाट। डिल्लीरमण रेग्मी २०२२: ४६९ मा आकर ए)

२२. **श्रीश्रीपशुपतिचरणकमलधूलिधूशरितशिरोरुहश्रीमन्मानेश्वरीवरलब्धप्रशादिकरघुवंशावतारदेदीप्यमान-राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीजयवीरमल्लदेवस्य**

(राष्ट्रिय पुस्तकालयमा रहेको *जगन्मोहन*मा कलिगतसंवत् ४६०५ वि.सं. १५६१ शाके १४२६ ने.सं. ६२४ वैशाखशुक्लतृतीया बुधवार रोहिणीनक्षत्र गण्डयोग गरकरण ऐन्द्रमुहूर्त सूर्य मेषराशिमा चन्द्र वृषराशिमा भएको मितिको टिपोटबाट। ऐजनः ४७० मा आकर ई)

२३. **श्रीश्रीश्रीपशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरीवरलब्धप्रशादिकरघुवंशावतारदेदीप्यमान-राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयइन्द्रमल्लदेवस्य**

---

१०. महेशराज पन्त २०६६: १३८-१३९ मा २ सङ्ख्या।

११. राष्ट्रिय अभिलेखालयमा पहिलो लगतमा ४४९ सङ्ख्याको, यही नाटकको अर्को प्रतिबाट डिल्लीरमण रेग्मी २०२२: ४३६-४३७ मा ४८ सङ्ख्याको आकरको रूपमा माथि प्रकाशित पाठको पहिलो कण्डिका छापिएको छ। ठाउँठाउँमा पाठभेद देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(राष्ट्रिय पुस्तकालयमा रहेको *जगन्मोहन*मा कलिगतसंवत् ४६०५ वि.सं. १५६१ शाके १४२६ ने.सं. ६२४ वैशाखकृष्णपञ्चमी शनिवार उत्तराषाढानक्षत्र शुक्रयोग तैतिलकरण विधिमुहूर्तको टिपोटबाट। ऐजनः ४७०-४७१ मा आकर एफ्)

२४. **श्रीमत्पशुपतिचरणकमलसेवितश्रीमानेश्वरीवरलब्धप्रसादितपरमभट्टारकपरमेश्वरमहाराजाधिराज-श्रीश्रीजयरत्नमल्लदेवस्य ।। श्रीश्रीजयरणमल्लदेवस्य ।। श्रीश्रीजयराममल्लदेवस्य विजयराज्ये ।।**

(ने.सं. ६३५ (वि.सं. १५७२) ज्येष्ठशुक्लअष्टमी सोमवार पूर्वफल्गुनीनक्षत्र वज्रयोग सूर्य वृषराशिमा चन्द्रमा सिंहराशिमा भएको मितिको शिलापत्रबाट। धनवज्र वज्राचार्य २०१९ः मूलभाग १३९)

२५. **श्रीश्रीश्रीपशुपतिचरणकमलधूलिधूसरितोत्तमाङ्गश्रीमन्मानेश्वरीष्टदेवतासमाराधनतत्परलब्धोदयरघुवंश-राजराजीवोत्फुल्लविलासनैकभास्करप्रबलरिपुमत्तमातङ्गदर्पदलनैकचतुरकेशरिसमस्तराजचक्रसेवित-शरणैकयोग्यपादकमलातपत्रभालनेपालमण्डलसरोरुहमकरन्दपीयमानमत्तमधूपनानाविद्याविनोदकलानिधि-सत्सुन्दरीगणमनोन्मादनमोहजालसमनचिन्तामणिमहाराजाधिराजनृपचक्रचूडामणिपरमेश्वरपरम-भट्टारकदैत्यनारायणावतारश्रीश्रीजयसूर्यमल्लदेवप्रभुभुज्यमान**

(राष्ट्रिय पुस्तकालयमा ८७१ सङ्ख्याको, ने.सं. ६४७ (वि.सं. १५८४) आषाढकृष्णअष्टमी शुक्रवार रेवतीक्षत्रमा सारिसिद्धिएको *कामन्दकीयनीतिसार*को पुष्पिकाबाट। डिल्लीरमण रेग्मी २०२३ः ३६-३७ मा २ सङ्ख्याको आकर)

२६. **स्वस्ति श्रीनेपालमण्डलेश्वरः श्रीश्रीमानेश्वरलब्धश्रीराजाधिराजः परमभट्टारकः परमेश्वरधर्म्मनारायण-श्रीश्रीजयनरेन्द्रमलदेवस्य विजयराजे ।**

(ने.सं. ६४९ (वि.सं. १५८६) भाद्रशुक्लषष्ठी बुधवार अनुराधानक्षत्र विष्कम्भयोगको शिलापत्रबाट। शङ्करमान राजवंशी २०२७ः ४७-४८ मा अभिलेखसंख्या ६४)

२७. **श्री २ पशुपतिचरणकमलधूरधूसरितश्री२मन्मानेश्वरीवरपसादितप्रनामावनिपतिमकूटरघुवंसधर्म्मनारायनव-तारश्रीश्रीजयनरेन्द्रमल्लदेवप्रभुठाकुरस्य विजयराज्ये ।।**

(ने.सं. ६६५ (वि.सं. १६०१) चैत्रपूर्णिमा (चैत्र २९ गते) शनिवार चित्राक्षत्र हर्षणयोगको शिलापत्रबाट। शङ्करमान राजवंशी २०२१ः ३१-३२)

२८. **स्वस्ति श्रीनेपालमण्डलेश्वरः श्रीश्रीमानेस्वरीवरलब्धश्रीराजाधिराजः परमभत्तारकः परमेश्वरधर्म्मनारायन-श्रीश्रीजयनरेन्द्रमल्लदेवस्य विजयराज्ये ।**

(ने.सं. ६६६ (वि.सं. १६०३) भाद्रशुक्लषष्ठी[१२] (आश्विन २ गते) बुधवार अनुराधाक्षत्र विष्कम्भयोगको शिलापत्रबाट। शङ्करमान राजवंशी २०२१ः ३२, डिल्लीरमण रेग्मी २०२३ः ३९ मा ३ सङ्ख्याको आकर, ऐजन २०२३ कः ८ मा ८ सङ्ख्या)

---

१२. मूलमा तिथि **खष्टम्यायां** भएकोमा डिल्लीरमण रेग्मी (२०२३)ले **अष्टम्याम्** पढेका छन्। आफ्ना दुवै पुस्तक (२०२३, २०२३ क)मा उनले संवत् **६६९** पढेका छन्। शङ्करमान राजवंशीले **६६६** पढी गणनाद्वारा पुष्ट पनि गरेकाले उनैको पाठ माथि दिइएको हो। शङ्करमान राजवंशीको पाठमा **मानेश्वरी**लाई बुझाउने शब्द परेको छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

गोपालराजवंशावली

= ई.सं. १९८५ (वि.सं. २०४२) मा वीस्बादनबाट फ्रन्त्स श्ताइनर फेर्लागद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लको द *गोपालराजवंशावली* (*गोपालराजवंशावली*) ।

ज्ञानमणि नेपाल २०४०

= वि.सं. २०४० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *जयतरचित महीरावणवध नाटक– विवेचनात्मक अध्ययन* ।

डिल्लीरमण रेग्मी २०२२

= ई.सं. १९६५ (वि.सं. २०२२)[१] मा कलकत्ताबाट फर्‌मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभ्ल् नेपाल्* (मध्यकालको नेपाल) १ भाग ।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्ताबाट फर्‌मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभ्ल् नेपाल्* २ भाग ।

डिल्लीरमण रेग्मी २०२३ क

= ई.सं. १९६६ (वि.सं. २०२३) मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभ्ल् नेपाल्* ४ भाग ।

देवीप्रसाद लंसाल २०२२

= वि.सं. २०२२ मा काठमाडौँबाट नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित, देवीप्रसाद लंसालद्वारा सम्पादित *हस्तलिखित ग्रन्थहरुको सूचीपत्र भाग ३– ज्योतिषविषयको सूची खण्ड २* ।

धनवज्र वज्राचार्य २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्यको प्रधानसम्पादकत्वमा रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा सम्पादित *इतिहास-संशोधनको प्रमाण-प्रमेय* ।

धनवज्र वज्राचार्य २०६८

= वि.सं. २०६८ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *पूर्वमध्यकालका अभिलेख* ।

भाषावंशावली १ भाग

= वि.सं. २०२० मा श्री ५ को सरकार पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित, नयनाथ पौडेलद्वारा सम्पादित *भाषावंशावली* १ भाग ।

भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७

= वि.सं. २०१७।३।१० मा काठमाडौँबाट भोलानाथ पौडेल र धनवज्र वज्राचार्यद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन*

(५१ क्रमागत संख्या)

---

१. त्यहाँ पुस्तक छापिएको मिति ई.सं. १९६५ दिइए तापनि वि.सं. २०२३ को बर्खामा मात्र यो बजारमा आएको हो (*हाम्रो वक्तव्य* २०२३:१०१) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भक्तपुरका दुइ अप्रकाशित शिलालेखको प्रकाश
प्रतापमल्ल भक्तपुर बिगार्दै[२] *आफ्नो दरबार हनूमान्ढोका सिंगार्दथे।*

महेशराज पन्त २०३४
= वि.सं. २०३४ मा प्रकाशित *पूर्णिमा* ३६ पूर्णाङ्कका २८२-२८९ पृष्ठमा छापिएको, महेशराज पन्तको *रत्न मल्लको पालामा लेखिएको रामायणनाटकको ऐतिहासिक सार।*

महेशराज पन्त २०३४ क
= *पूर्णिमा* ३६ पूर्णाङ्कका २९४-३०८ पृष्ठमा छापिएको, महेशराज पन्तको *चाडबाड जात्रामात्रामा खेलाइएका, नेपालमा बनाइएका केही संस्कृत नाटक* ।

महेशराज पन्त २०५०
= *पूर्णिमा* ८६ पूर्णाङ्कका ६६-७१ पृष्ठमा छापिएको, महेशराज पन्तको *अर्जुनदेवको शासनको विषयमा।*

महेशराज पन्त २०६३
= वि.सं. २०६३ मा प्रकाशित *पूर्णिमा* १२२ पूर्णाङ्कका १-६१ पृष्ठमा छापिएको, महेशराज पन्तको *संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र* ।

महेशराज पन्त २०६६
= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १३० पूर्णाङ्कका १३६-१४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *यक्ष मल्लसम्बन्धी २ वटा तात्कालिक टिपोट* ।

लूछ्याह्नो पेतेक २०४०
= ई.सं. १९८४ (वि.सं. २०४०) मा रोमबाट ईस्तीतूतो ईताह्ल्याह्नो पेर ईल मेद्यो एद एस्त्रेमो ओर्‌येन्तेद्वारा प्रकाशित, लूछ्याह्नो पेतेकको *मेड्इईभ्‌ल् हिस्‌टरि अफ् नेपाल् (सी. ७५०-१४८२)* (नेपालको मध्यकालको इतिहास (अन्दाजि वि.सं. ८०७-१५३८))।

शङ्करमान राजवंशी २०२१
= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* ३ पूर्णाङ्कका २९-३७ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *नरेन्द्र मल्ल र अमर मल्ल एकै व्यक्ति हुन्* ।

शङ्करमान राजवंशी २०२२
= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ७ पूर्णाङ्कका ३६-४३ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *यक्षमल्लका समयका निश्चित संवत् र तिथिमितिहरू* ।

शङ्करमान राजवंशी २०२७
= वि.सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *कान्तिपुर-शिलालेख-सूची* ।

हाम्रो वक्तव्य २०२३
= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* ११ पूर्णाङ्कका १०१-११८ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य– श्रीडिल्लीरमण रेग्मीज्यूको छटेलपन* ।

---

२. वको पेट चिरिएको छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ६४८ (वि.सं. १५८४) देखि ८६६ (वि.सं. १८०२) भित्रका, ताडपत्रका १५ वटा लिखत

-महेशराज पन्त

सात वर्षै भयो होला, ताडपत्रमा लेखिएका ३७ वटा लिखतको स्क्यानिङ मैले वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको। उनको भनाइअनुसार यी सबै लिखत स्तेफान बिल्द्हाइमको सङ्ग्रहका हुन्। झण्डै साढे तीन सय वर्ष अर्थात् ने.सं. ५३८ (वि.सं. १४७४) देखि ने.सं. ८८५ (वि.सं. १८२२)भित्रका ती लिखतमध्ये ११ वटा वि.सं. २०६५ देखि २०६९ का ४ वर्षभित्र मैले *पूर्णिमा*का ३ अङ्कमा छपाएँ।[१] बाँकी २६ वटामध्ये १५ वटा *पूर्णिमा*को यस अङ्कमा छपाउँदैछु।

ताडपत्रको मूलपाठमा हामीले प्रयोग गरेका चिह्नको विषयमा

१. मूल ताडपत्र मूसाले काट्दा नष्ट अक्षर भर्न नसकिँदा यस्तो ☆ चिह्नले जनाइन्छ।

२. मूल ताडपत्र टुक्रिएर जाँदा नष्ट, तर यति नष्ट भए भनी किट्न नसकिएका अक्षर यस्ता ... चिह्नले जनाइन्छन्।

३. मूल ताडपत्र टुक्रिएर जाँदा नष्ट अक्षर भर्न नसकिँदा यस्तो X चिह्नले जनाइन्छ।

४. फोटोमा नदेखिएको अक्षर यस्तो ● चिह्नले जनाइन्छ।

५. मूल ताडपत्र मूसाले काट्दा नष्ट अक्षर प्रसङ्गानुरोधले यस्तो [ ] कोष्ठभित्र पढिन्छ।

६. फोटोमा नदेखिएको अक्षर प्रसङ्गानुरोधले यस्तो [[ ]] कोष्ठभित्र पढिन्छ।

७. मूल ताडपत्र टुक्रिएर जाँदा नष्ट अक्षर प्रसङ्गानुरोधले यस्तो ( ) कोष्ठभित्र पढिन्छ।

८. मूल ताडपत्र दोब्र्याउँदा परेको डोबले नष्ट अक्षर प्रसङ्गानुरोधले यस्तो (( )) कोष्ठभित्र पढिन्छ।

---

१. ने.सं. ५३८ (वि.सं. १४७४) फाल्गुनशुक्लद्वादशी (महेशराज पन्त २०६९ कः ११६-११७, १२३)।
ने.सं. ५७२ (वि.सं. १५०९) आषाढशुक्लतृतीया (ऐजनः ११७-११९, १२४)।
ने.सं. ६४३ (वि.सं. १५८०) चैत्रकृष्णअष्टमी (ऐजनः ११९-१२०, १२५)।
ने.सं. ६४५ (वि.सं. १५८२) चैत्रशुक्लपञ्चमी (ऐजनः १२०-१२२, १२६[①])।
ने.सं. ७२७ (वि.सं. १६६३) फाल्गुनकृष्णत्रयोदशी (ऐजन २०६६ः ५४-५८)।
ने.सं. ७४७ (वि.सं. १६८४) वैशाखकृष्णनवमी (ऐजन २०६५ः २७१-२७४, २८१)।
ने.सं. ७५१ (वि.सं. १६८८) श्रावणकृष्णतृतीया (ऐजन २०६६ कः ५९-६२)।
ने.सं. ७६३ (वि.सं. १७००) आषाढशुक्लद्वितीया (ऐजन २०६५ः २७६-२७७, २८४)।
ने.सं. ७९८ (वि.सं. १७३५) चैत्रअमावास्या (ऐजन २०६६ खः ६३-६५)।
ने.सं. ८३४ (वि.सं. १७७१) नष्घाषाढशुक्लत्रयोदशी (ऐजन २०६५ खः ३१५-३१६, ३१९)।
ने.सं. ८३८ (वि.सं. १७७५) श्रावणकृष्णद्वादशी (ऐजन २०६५ गः ३२८-३२९, ३३३)।

---

① त्यस पृष्ठमा भ्रमवश **वि.सं. १५८१** छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्या

ने.सं. ६४८ (वि.सं. १५८४) माघपूर्णिमा

यस ताडपत्रको फ्याक्सिमिलि तल २२१ पृष्ठमा छ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ। त्यस छापको वरिपरि २० वटा थोप्ला छन्। ती थोप्लाको बीचमा **श्री** लेखिएको छ।

❑ ❑ ❑

ललितब्रुमामा मानिग्लदेखि पूर्वपट्टि रहेको ओकुबहाल (मूलमा- **वंकुविहार**)को बाहिरको चोकको दक्षिणपट्टिको घरका शाक्यभिक्षु अमृतसिंहलाई त्यहीँ नुगः (मूलमा- **नोग्ल**) = सुनधारा इलाका दथुबहाल (मूलमा- **दथबहार**)को नैर्ऋत्य अर्थात् दक्षिणपश्चिम कोणको ३ तले घरका सहदेवले आफ्नो हकभोगको, सारसि भन्ने ठाउँको ७ रोपनी जग्गाको ४ भागको १ भाग बेची गरिदिएको राजीनामापत्र यो हो।

❑ ❑ ❑

ज्येष्ठविहार येताकुटुम्बज प्रधानमहापात्र जयनारायणसिंह वर्मा यस लिखतमा दृष्टसाक्षी राखिएका छन्।[२] बिक्री गरिएको खेतको चारकिल्ला खुलाउँदा पूर्वपट्टिका सँधियारमध्ये **ज्येष्ठविहार यता**को खेत परेको छ। यसै कारणले पनि होला, ज्येष्ठविहारका येताकुटुम्बज प्रधानमहापात्र जयनारायणसिंह वर्मा यस लिखतमा दृष्टसाक्षी राखिएका। ज्येष्ठविहार दक्षिणविहारसँग आबद्ध हुनाले[३] दक्षिण बुझाउने **येता/यता** शब्द ज्येष्ठविहारसँगै आएको देखिन्छ[४]।

ने.सं. ६३९ (वि.सं. १५७६) नष्टज्येष्ठकृष्णपञ्चमीको लिखतमा ज्येष्ठविहारका यी नारायणसिंह वर्मासँगै अरू २ जना महापात्रको नाउँ आएको छ।[५] खुलाएर भन्दा ललितब्रुमामा मानिग्लको पूर्वपट्टि रहेको तवदुछेँविहारमा

---

२. खुलाएर भन्दा यहाँ **दृष्टसाक्षी** [...] **श्रीजयनारायनसिंह वर्म्मनस** नलेखी **साक्षि** [...] **श्रीजयनारायनसिंह वर्म्मनस मेक दृष्ट** लेखिएको छ। कहीँ **दृष्टसाक्षी** र कहीँ यसरी **देखेर मात्र साक्षी राखिएका**को थुप्रै लिखत पाइन्छन्। यस कारण **देखेर मात्र साक्षी बस्ने**को २ भेद गरिएको जस्तो लाग्छ।①

३. रवि शाक्य २०६४: १५-१६।

४. **ज्येष्ठविहार** र **येता** सँगै आएका अरू २ लिखत–
ने.सं. ५७२ (वि.सं. १५०५) फाल्गुनशुक्लपञ्चमीकोमा **श्रीज्याठविहार येता कुतुंबज प्रधानमाहापात्र श्रीबुगं वन्मनसः** (महेशराज पन्त २०५७ कः ३२ मा ४४ सङ्ख्या)। ने.सं. ६१७ (वि.सं. १५५४) ज्येष्ठशुक्लतृतीयाकोमा **श्रीज्याथविहार येताया**② **क्षेत्रेन उत्रतः** (ऐजन २०५० कः २२-२३ मा ४१ सङ्ख्या)।

५. महेशराज पन्त २०६१: ३९-४० मा २७ सङ्ख्या।

---

① यस विषयमा महेशराज पन्त २०७०: § १४.३.२ = १४ हेर्नू।

② त्यहाँ भ्रमवश **यंताया** छापिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रहेका देवता क्वाचपाल भट्टारकको नाउँमा रहेको तिपुख्वात[६] भन्ने ठाउँको, ज्येष्ठविहार (मूलमा- **ज्याथबाहार**)का यंकुलिको खेतदेखि पश्चिम र उत्तरपट्टिको ५ रोपनी खेत मानिग्लको उत्तरपट्टि रहेको कोबहाल (मूलमा- **कोबाहार**)का क्वाठभ्वंत राजराम भारोलाई बेच्दा ज्येष्ठविहार (मूलमा- **ज्याथबाहार**) यताकुटुम्बज प्रधानमहापात्र माधवसिंह वर्मा, प्रधानमहापात्र विष्णुसिंह वर्मा[७] र प्रधानमहापात्र नारायणसिंह वर्मा पनि त्यस लिखतमा दृष्टसाक्षी[८] राखिएका छन् ।

माधवसिंह वर्मा र विष्णुसिंह वर्मासहित यी नारायणसिंह वर्माले ने.सं. ६४६ (वि.सं. १५८२) माघशुक्लत्रयोदशीमा आफूहरूको हकभोगको ४ रोपनी खेत बेचेको कुराको सम्झना पनि यस प्रसङ्गमा हुन्छ ।[९] यी महापात्रहरूको वतन खुलाउँदा त्यस लिखतमा **श्रीललीतब्रुमाया९ श्रीमानिग्लके हतकोबहार श्रीजेष्ठविहारः कुतुम्बज प्रधानमहापात्र** लेखिएको छ ।

यिनै माधवसिंह वर्मा र नारायणसिंह वर्माले ने.सं. ६५६ (वि.सं. १५९३) भाद्रकृष्णत्रयोदशीमा आफूहरूको हकभोगको साढे तीन रोपनी खेत बेचेको कुरा अहिलेसम्म अप्रकाशित एउटा लिखतबाट थाहा हुन्छ । यी महापात्रहरूको वतन खुलाउँदा त्यस लिखतमा **श्रीररितब्रुमाया ⸜ श्रीमाणीग्ल दक्षिणविहार ⸜ श्रीज्येष्टविहार द्या यैता कुतुबज प्रधाण ⸜ माहामह ⸜ माहापात्र** लेखिएको छ ।

माथि चर्चा गरिएको, ने.सं. ६४६ को लिखतमा र यहाँ अहिले छाप्न लागेको ने.सं. ६४८ को लिखतमा नेवार मल्ल राजाहरूका नाउँमा जस्तै यी महापात्रहरूको नाउँको अगाडि **जय** जोडिएको छ । तर माथि चर्चा गरिएका, ने.सं. ६३९ को र ने.सं. ६५६ को लिखतमा भने यिनै महापात्रहरूको नाउँको अगाडि **जय**

६. उत्तरपदमा **ख्वाट** वा **ख्वात** भएको स्थाननाम अहिले पनि चलनचल्तीमा छ, जस्तै– **ससुख्वात** । पुराना लेखमा यस्तो खालको नाउँ आएको उदाहरणको रूपमा ने.सं. ६३९ (वि.सं. १५७६) नष्टज्येष्टकृष्णपञ्चमीको लिखतमा **तिपुख्वात** (महेशराज पन्त २०६१: ३९-४० मा २७ सङ्ख्याको लिखत) र ने.सं. ७१७ (वि.सं. १६५४) भाद्रपूर्णिमाको लिखतमा **वफलख्वाट / वफलख्वात** (यही लेखमा १० सङ्ख्याको लिखत)लाई देखाउन सकिन्छ । पुराना लेखमा **ख्वात** शब्द अलगै आएको पनि देखिएको छ (यही लेखमा १४ सङ्ख्याको लिखत) ।

७. **विष्णुसिंहया दकले न्हापागु उल्लेख ने.सं. ६३९ नष्ट ज्येष्ठ कृष्ण ५ या बुँ म्यूगु ताडपत्रय् वःगु दु । [...] तर उकी विष्णुसिंहयात पात्र / महापात्र आदि छुं हे बियातःगु मदु । थुबलेतक विष्णुसिंहया छुं हे राजनैतिक हैसियत मदुनिगु स्पष्ट जू । थ्व धुंकाः विष्णुसिंहया उल्लेख छकलं नेसं ६४६ स प्रधानमहापात्र कथं खनेदःवइ ।**

(विष्णुसिंहको सबभन्दा पहिलो उल्लेख ने.सं. ६३९ नष्टज्येष्ठकृष्णपञ्चमीको, खेत बेचेको ताडपत्रमा आएको छ । [...] तर त्यसमा विष्णुसिंहलाई पात्र / महापात्र आदि कुनै पनि उपाधि दिइएको छैन । यस वेलासम्म राजनीतिमा विष्णुसिंहको कुनै पनि हैसियत नभएको स्पष्ट हुन्छ । यसपछि विष्णुसिंहको उल्लेख एकैपल्ट ने.सं. ६४६ मा प्रधानमहापात्रको रूपमा देखिन आउँछ ।)

भनी रवि शाक्य (२०६४: ३०)ले लेखेको गलत हो ।

८. माथि २ सङ्ख्याको टिप्पणीमा चर्चा गरिए जस्तै, **साक्षी** अघिबाट लेखी अनि नाउँ दिई पछिबाट **दृष्टः** लेखिएका साक्षी यिनीहरू हुन् । यस्तै खालको साक्षी तल ६-८, १०-१३ र १५ सङ्ख्याका लिखतमा छन् ।

९. महेशराज पन्त २०५७ खः ३९-४० मा १ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नजोडिएको यस प्रसङ्गमा भन्नुपर्छ ।

ने.सं. ६३९ को लिखतअनुसार बिक्री गरिएको खेत **ज्येष्ठविहारका यंकुलि**को खेतको पूर्व र दक्षिण साँधमा रहेको कुरा बुझिने हुनाले **यंकुलि**को विषयमा खुलाएर केही लेख्नुपरेको छ ।

ने.सं. ५६६ (वि.सं. १५०३) आश्विनकृष्णचतुर्दशीको,[१०] ने.सं. ६४४ (वि.सं. १५८०) मार्गशुक्लसप्तमीको[११] र ने.सं. ६७८ (वि.सं. १६१५) चैत्रशुक्लद्वितीयाको[१२] लिखतमा ज्येष्ठविहारका **वंकुलिकुटुम्बज**को तथा ने.सं. ६२६ (वि.सं. १५६२) माघकृष्णद्वितीयाको लिखतमा त्यही विहारका **वंकुरि**को[१३] चर्चा आएको छ । यसै गरी ने.सं. ७२७ (वि.सं. १६६३) फाल्गुनकृष्णत्रयोदशीको लिखतमा **वंकुरया थकुरपिनिश** अर्थात् **वंकुरका ठाकुरहरूको** कुरा आएको छ ।[१४]

ने.सं. ६२७ (वि.सं. १५६४) आश्विनशुक्लसप्तमीको,[१५] ने.सं. ६५७ (वि.सं. १५९४) चैत्रकृष्णषष्ठीको,[१६] ने.सं. ६८६ (वि.सं. १६२२) पौषकृष्णएकादशीको[१७] र ने.सं. ६९९ (वि.सं. १६३५) पौषशुक्लत्रयोदशीको[१८] लिखतमा ज्येष्ठविहारका **यंकुलिकुटुम्बज**को, ने.सं. ६३९ (वि.सं. १५७६) नष्टज्येष्ठकृष्णपञ्चमीको[१९] र ने.सं. ६९६ (वि.सं. १६३२) पौषकृष्णनवमीको[२०] लिखतमा त्यही विहारका **यंकुलि**को, ने.सं. ६७७ (वि.सं. १६१३) मार्गकृष्णद्वादशीको[२१] त्यही विहारका **यंकलि महापात्र**को र ने.सं. ६७८ (वि.सं. १६१५) श्रावणकृष्णपञ्चमीको[२२] लिखतमा त्यही विहारका **यंकुलि महापात्र**को उल्लेख आएको छ ।

यस कारण **वंकुरि**, **वंकुलि** वा **वंकुर** तथा **यंकुलि** वा **यंकलि** गरी ज्येष्ठविहारका महापात्रहरू २ फ्याँकमा बाँडिएको कुरा स्पष्ट हुन्छ ।[२३] पाटनमा शासन गर्ने **सप्तकुटुम्बज** अर्थात् **सात खलकका महापात्रहरू**मध्ये

१०. ऐजन २०५०: ६१-६२ मा २२ सङ्ख्या ।

११. ऐजन २०६० : ३१-३२ मा १४ सङ्ख्या ।

१२. शङ्करमान राजवंशी २०२३: १८-१९ ।

१३. महेशराज पन्त २०६०: २५-२७ मा ९ सङ्ख्या ।

१४. ऐजन २०६६: ५५-५६, ५८ ।

१५. ऐजन २०६०: २८-२९ मा ११ सङ्ख्या ।

१६. ऐजन २०५७ ख: ४०-४१ मा २ सङ्ख्या ।

१७. शङ्करमान राजवंशी २०२३: १९① ।

१८. *इतिहासको कुरा* २०४०: ३३ मा ६ सङ्ख्या ।

१९. महेशराज पन्त २०६१: ३९-४० मा २७ सङ्ख्या ।

२०. धनवज्र वज्राचार्य २०१९: मूलभाग १३ ।

२१. ऐजन: मूलभाग १२ ।

२२. महेशराज पन्त २०५७ ग: ४४-४५ मा ६ सङ्ख्या ।

२३. ने.सं. ५३४ (वि.सं. १४७१) वैशाखकृष्णत्रयोदशीको लिखतमा **श्रीमानिग्लके श्रीदक्षिनविहारे ् श्रीहतकोबहार**

① अघिबाटै छापिइसकेको यो लिखत पूर्वसूरिको नामै नलिई पूर्णरत्न वज्राचार्य (२०४९: ९१)ले फेरि छापेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ज्येष्ठविहारकाहरूमा एक थरी त्यही विहारमा ईशान अर्थात् पूर्व-उत्तरकोणपट्टि र अर्को थरी वायव्य अर्थात् उत्तर-दक्षिणकोणपट्टि बस्न थालेकाले होला, कालान्तरमा ती २ थरी क्रमशः ईशान बुझाउने **वंकुलि** र वायव्य बुझाउने **यंकुलि** शब्द नै नाउँमा जोडिई प्रसिद्ध भएका।

ललितपुरका महापात्रमध्ये पहिला स्वतन्त्र राजा विष्णुसिंहका बराजु **येंकुलि वर्मा**[२४] वा **येकलि वर्मा**[२५]को नाउँले प्रसिद्ध थिए। यसैले ने.सं. ६५७ (वि.सं. १५९४) चैत्रकृष्णषष्ठीको र ने.सं. ६८६ (वि.सं. १६२२) पौषकृष्णएकादशीको लिखतमा **यंकुलिकुटुम्बज** अर्थात् **यंकुलिका खलक** भनी क्रमशः **येंकुलि वर्मा**का जनाति[२६] **विष्णुसिंह**लाई र उनका छोरा **नरसिंह**लाई भनेको हुनुपर्छ। यसै गरी ने.सं. ६७७ (वि.सं. १६१३) मार्गकृष्णद्वादशीको लिखतमा विष्णुसिंहको चिनारी **श्रीज्येष्ठविहार यंकलि महापात्र** तथा ने.सं. ६७८ (वि.सं. १६१५) श्रावणकृष्णपञ्चमीको र ने.सं. ६९६ (वि.सं. १६३२) पौषकृष्णनवमीको लिखतमा नरसिंहको चिनारी क्रमशः **श्रीज्येष्टविहार श्रीयंकुलि महापात्र** र **श्रीज्येष्ठविहार यंकुलि** लेखी दिइएको छ।

दक्षिणविहारमा ३ थरी **महापात्र**को प्राधान्य हुने हुनाले २ जनालाई बुझाउने **उभय** शब्दको अनुकृतिमा बनेको **त्रिभय** वा त्यसको अपभ्रष्ट रूप **तिभयले** ३ थरी महापात्रलाई बुझाउने गरेको थियो।[२७] यसैले माधवसिंह,

---

श्रीज्याथबहारकुतुंबज प्रधानमहापात्र श्रीयोकुलि वर्मनस (महेशराज पन्त २०५७: १४-१५ मा १६ सङ्ख्या) लेखिएकोले यी **योकुलि वर्मा** जयसिंहका बाबु **यंकुलि वर्मा**भन्दा फरक हुन् कि जस्तो देखिन्छ। यसो हो भने **वंकुलि, यंकुलि** र **योकुलि** गरी ज्येष्ठविहारका महापात्रहरू ईशान, वायव्य र नैर्ऋत्य गरी ३ फ्याँकमा बाँडिएको ठहर्छ।

२४. ने.सं. ५३५ (वि.सं. १४७१) पौषपूर्णिमा बुधवार पुनर्वसूनक्षत्र वैधृतियोगको शिलालेख (रामजी तेवारी आदि २०२०: ३)।

२५. ने.सं. ५४७ (वि.सं. १४८३) कार्तिकपूर्णिमा बुधवार अश्विनीउप्रान्त भरणीनक्षत्र शुद्धियोग भद्राउप्रान्त वणिक्-करणको शिलालेख (ऐजनः ४)।

२६. येंकुलि वर्माका छोरा जयसिंह (ने.सं. ५३५ (वि.सं. १४७१) पौषपूर्णिमा बुधवार पुनर्वसूनक्षत्र वैधृतियोगको शिलापत्र = ऐजन २०२०: ३), जयसिंहका छोरा कीर्तिसिंह, कीर्तिसिंहका छोरा कुसुमसिंह, कुसुमसिंहका छोरा विष्णुसिंह, विष्णुसिंहका छोरा नरसिंह (ने.सं. ६७४ (वि.सं. १६१०) माघशुक्लपञ्चमीको शिलापत्र = धनवज्र वज्राचार्य २०१९ मूलभागः ८-९)।

२७. ने.सं. ५१२ (वि.सं. १४४९) वैशाखकृष्णषष्ठी आदित्यवार श्रवणनक्षत्र ऐन्द्रयोग गरकरण विश्वमुहूर्तको शिलापत्रमा **श्रीमत्सप्तकुटुम्बजप्रधानमूर्त्य गमहापात्रश्रीत्रिभयपात्रप्रमुखादिभिः संपाल्यमाने** अर्थात् **श्रीसप्तकुटुम्बज (सात खलकका) प्रधानमूर्त्यङ्ग महापात्र श्रीतीन पात्रप्रमुख आदिले पालना गरिएको** (धनवज्र वज्राचार्य २०१९: मूलभाग ३), ने.सं. ५४७ (वि.सं. १४८४) ज्येष्ठ[①]को ताम्रपत्रमा **श्रीदक्षिणविहारकुटुम्बज प्रधानमहापात्र** भनी ३ जनाको नाउँ दिइसकेपछि **थ्वस त्रिभय प्रमुखसन** अर्थात् **यी ३ प्रमुखले** (ऐजनः मूलभाग ४), राष्ट्रिय अभिलेखालयमा पहिलो लगत ४४९ सङ्ख्याको, ने.सं. ५७३ (वि.सं. १५०९) मार्गअमावास्या (पूर्णान्तमानले पुसे औँसी)मा ग्रहण

---

① महेशराज पन्त २०७० कः १८४ मा ७ सङ्ख्याको टिप्पणी हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विष्णुसिंह र नारायणसिंहको नाउँ दिइसकेपछि **एते तिभेश प्रमुस्ननतां शमुहस** अर्थात् **यी ३ थरी मुख्य भएको समूहको** भनी ने.सं. ६४६ को लिखतमा लेखिएको हो ।

❑ ❑ ❑

खेत बेच्नेको वतन खुलाउँदा आएको **नोग्ल**को **दथबहार** (१ पङ्क्ति) आजभोलि **दथुबहाल** कहिन्छ । यस बहालमा पाइएको एउटा शिलापत्रअनुसार यस बहालको स्थापना ने.सं. ७९८ (वि.सं. १७३४) माघमा भएको हो भनी जान कर लाक (२०४१/४२: १०८)ले लेखेका छन् । तर ने.सं. ६४८ (वि.सं. १५८४) माघपूर्णिमाको यस लिखतमा यस बहालको चर्चा आएकोले जान कर लाकले लेखेको ठीक देखिँदैन । पहिलेदेखिको बहालको पुनःस्थापना ने.सं. ७९८ (वि.सं १७३४) मा हुनु भने सम्भव छ ।

❑ ❑ ❑

स्वन्थयेल अर्थात् **स्वथयेल**मा कुनै वेला भएको **स्वन्थबाहा**को चर्चा जान कर लाक (२०४१/४२: २३४)ले गरे पनि त्यस बहालसम्बन्धी कुनै पनि अभिलेख उनले भेट्टाउन भने सकेका थिएनन् । बेचिएको खेतको चारकिल्ला खुलाउँदा पश्चिमपट्टिको साँधमा भएको खेतमध्ये **स्वतबहार**को पनि भएको कुरा ने.सं. ६४८ (वि.सं. १५८४) माघपूर्णिमाको यस लिखतबाट थाहा हुन्छ (२ पङ्क्ति) । ने.सं. ७१७ (वि.सं. १६५४) भाद्रपूर्णिमाको, तल छापिन लागेको ५ सङ्ख्याको लिखतमा पश्चिमपट्टिको साँधमा भएको खेत **सोतबहार**का १ जना भारोको भएको कुरा आएको छ (२ पङ्क्ति) । ने.सं. ४८४ (वि.सं. १४२०) मार्गकृष्णचतुर्दशीको ताडपत्रको लिखतमा **मानेगल हटकोविहार**[अन्तर्गतको] **सोठविहार**[२८] र ने.सं. ५८५ (वि.सं. १५२१) मार्गकृष्णद्वितीयाको, ताडपत्रको लिखतमा **येखालंषु**[अन्तर्गतको] **स्वतबाहार**[२९]को चर्चा आएको कुरा यस प्रसङ्गमा सम्झन पुगिन्छ[३०] ।

लाग्दा① गरिने, राय मल्लको सुवर्णतुलादानमा खेलाउन तयार गरिएको *चतुरङ्कमहाभारतनाटक*मा **श्रीदक्षिणविहारमहामहमहापात्रश्रीमदुदयसिंहमल्लवर्म्मणा च पात्रत्रितयेन** अर्थात् **श्रीदक्षिणविहारका प्रधानमहापात्र श्रीउदयसिंहमल्लवर्मा [आदि] तीन महापात्रले** (ऐजनः मूलभाग ५-६), केसरपुस्तकालयमा २३४ सङ्ख्याको, ने.सं. ६२० (वि.सं. १५५७) वैशाखशुक्लद्वितीयाको दिन सारिसिद्धिएको *साद्यन्तकोशसार*मा **पात्रोत्तमे सप्तकुटुंबमध्ये प्रधानतः श्रीत्रिभयः प्रमुख्यः** अर्थात् **पात्रहरूमा उत्तम, सप्तकुटुम्बमध्ये मुख्य गरी तीन थरी मुख्य हुनुहुन्छ** (ऐजनः मूलभाग ६) ।

२८. महेशराज पन्त २०५०: ५१-५२ मा ४ सङ्ख्यामा मूलको १ पङ्क्ति ।
ऐजन २०७०: § १७.१६ = २८ हेर्नू ।

२९. ऐजन २०५० कः ३१ सङ्ख्यामा मूलको २ पङ्क्ति = १६-१७ ।

३०. अघिल्लो लिखतमा **सोठविहार**को अगाडि **हटकोविहार** लेखिएकोले **हटकोविहार**को इलाकामा त्यसताका **सोठविहार** पर्ने देखिन्छ ।

---

① ऐजन २०६६ गः १३८-१३९ मा २ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. ९ श्रेयोऽस्तु ।। सम्वत ६४८ माघशुक्ल ।। पूर्ण्णनमास्या तिथौ ।। श्रीललितब्रुमाया श्रीमानिग्लके पूर्व्वस्थ श्रीवंकुविहार पिथो ، चोक येतागृह साक्यभिक्षु श्रीअमृतसिंहजुस नामनान सकासात तत्रेवस्थ श्रीनोग्ल दथबहार योकुलि स्वत गृह सहदेवया नामनेन स्वक्रीयं स्वभुज्यमानिकं सारसिक्षेत्रनामप्रदेशे श्रीज्यैष्टविहार यताया क्षेत्रवो जयसिङवो ह्व्या क्षेत्रसि-

२. माया पछिमत ، ग्रहाकस्य क्षेत्रसिमाया९ उत्तरत स्वतबहारयावो चासबहारयावो द्वयोस क्षेत्रसिमाया९ पूर्व्वत षारसिमाया९ दक्षिणत एतेषा मध्ये सप्तरोपनिकं जत क्षेत्र बु रोवो मोडि ह्वश ७ थ्वत्यस धार्ण्ण स्वादिकारन प्यंबोस छिबो वंचेल जुरो ता क्षेत्र सक्रर्षकं स्मपरिभोज्ञं तद्यथानग्रकालप्रवत्मानेन सचाराघेन जथोश्चितमोलमादाय ، क्रीयविक्रीयस्वादिने ،

३. न टेनानिवत्तकं न्यायन क्रीन विक्रीनतम्भवति जदि सत्या देवीकराजिक विना संषटव्यावादकाले तदा धार्ण्णकेन परिस्वधनि अत्राथे साक्षि श्रीज्येष्टविहार येताकुतुम्बज प्रधानमहापात्र श्रीजयनारायनसिंह वर्म्मनस मेक दृष्ट ।। शुभ ।। थ्वया क्रीप्न सर्व्वसोधान पालन धुग्व ।।

(भिन्नै हस्ताक्षरमा पछाडि)

१. भा पति

२. खा रमि

२ सङ्ख्या

ने.सं. ६४९ (वि.सं. १५८५) पौषशुक्लत्रयोदशी

यस ताडपत्रको फ्याक्सिमिलि तल २२२ पृष्ठमा छ।

यस लिखतमा बायाँपट्टि फट्केमा मायको छाप छ। यस छापमा भएका सबै कुरा चिन्न अझै बाँकी रहेकोले यसको बयान अहिलेको लागि थाँती राखिएको छ।

❑ ❑ ❑

भक्तपुरका राजा प्राण मल्लले स्थान[31]देखि पूर्वपट्टि रहेको खुतिंगाम भन्ने ठाउँको ९ रोपनी खेत अजयपुरी अन्तरलंटेलमा दक्षिणपट्टिको घरमा बस्ने नाथुलाई बेची गरिदिएको राजीनामापत्र यो हो। यहाँ क्वाछेँका

दोस्रो लिखतमा **स्वतबाहार**को अगाडि **येखालंषु** लेखिएकोले **येखालंषु**को इलाकामा **स्वतबाहार** पर्ने देखिन्छ। **येखालंषु** भनेको आजभोलिको भाषामा **इखालखु** हो। मङ्गलबजारको दक्षिणपट्टि **इखालखु** छ। **इखालखु**को इलाका त्यसताका ठूलो भएको यताबाट देखिएको छ।

३१. **स्थान** शब्दले यस सन्दर्भमा शासन चलाउन खडा गरिएको स्थानीय अड्डा बुझाउँछ (महेशराज पन्त २०६४: § १४ = २०२-२०४)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

डोयजु, क्वबिछेँका ग्वाक भंडिरि र भारसि कस्त अर्थात् भारसिंह कायस्थ दृष्टसाक्षी राखिएका छन् ।

❑ ❑ ❑

प्राण मल्लकै अरू अरू लिखतमा पनि यी भारसिंह कायस्थ साक्षी बसेका छन् ।[३२] वीर मल्लको एउटा लिखतमा यिनी साक्षी बसेको[३३] र उनको अर्को लिखत यिनले तयार गरेको[३४] पनि देखिएको छ । यिनले ने.सं. ६५५ (वि.सं. १५९१) फाल्गुनशुक्लपञ्चमीको दिन चाँगुनारायणलाई कण्ठी चढाएका थिए ।[३५]

यिनका बाबु[३६] डोय कायस्थले राय मल्ल र राम मल्लको,[३७] भुवन मल्ल र वीर मल्लको,[३८] प्राण मल्लको[३९] र वीर मल्ल एकलैको[४०] तथा यिनका छोरा[४१] जयसिंहराम कायस्थले प्राण मल्लका;[४२] माधव मल्ल, केशव मल्ल र विष्णु मल्लको[४३] तथा वीर मल्लको[४४] लिखत तयार पार्ने काम गरेकाले यो कायस्थकुल भक्तपुरदरबारको

३२. ने.सं. ६५१ (वि.सं. १५८८) भाद्रशुक्लदशमीको (महेशराज पन्त २०५६: १७ मा ७ सङ्ख्या), ने.सं. ६५८ (वि.सं. १५९४) माघकृष्णचतुर्थीको (ऐजन: १७-१८ मा ८ सङ्ख्या), ने.सं. ६६१ (वि.सं. १५९८) नष्टचैत्रकृष्णएकादशीको (शङ्करमान राजवंशी २०४०: ६),① ने.सं. ६६२ (वि.सं. १५९८) कार्तिककृष्णत्रयोदशीको (महेशराज पन्त २०५६: १९ मा १० सङ्ख्या), ने.सं. ६६३ (वि.सं. १६००) नष्टश्रावणकृष्णत्रयोदशीको (ऐजन: १९-२० मा ११ सङ्ख्या), ने.सं. ६६६ (वि.सं. १६०२) मार्गशुक्लचतुर्थीको (ऐजन २०५० क: ३१ मा ५३ सङ्ख्या) ने.सं. ६६६ (वि.सं. १६०३) आश्विनशुक्लपञ्चमीको (ऐजन: २० मा १२ सङ्ख्या), ने.सं. ६७८ (वि.सं. १६१४) माघकृष्णचतुर्थीको (अझै अप्रकाशित) ।

३३. ने.सं. ६४७ (वि.सं. १५८३) चैत्रकृष्णपञ्चमीको (महेशराज पन्त २०५६: १६-१७ मा ६ सङ्ख्या) । यस लिखतमा थर नलेखी आदरार्थी **जु**सहित **भारसिहजु** लेखिएको छ ।

३४. ने.सं. ६३४ (वि.सं. १५७०) पौषशुक्लत्रयोदशीको (श्यामसुन्दर राजवंशी २०४२-४३: १५) ।

३५. मोहनप्रसाद खनाल २०४०: २३१ मा ७९ संख्या ।

३६. ऐजन ।

३७. ने.सं. ६३० (वि.सं. १५६६) कार्तिककृष्णअष्टमीको (महेशराज पन्त २०५६: १४-१५ मा ३ सङ्ख्या) ।

३८. ने.सं. ६३९ (वि.सं. १५७५) मार्गकृष्णद्वितीयाको (ऐजन: १५-१६ मा ५ सङ्ख्या) ।

३९. ने.सं. ६४९ (वि.सं. १५८६) चैत्रकृष्णदशमीको (शंकरमान राजवंशी २०४४: २-३ मा २ क क्रमसंख्या) ।

४०. ने.सं. ६५० (वि.सं. १५८७) भाद्रशुक्लअष्टमीको (शंकरमान राजवंशी २०४० क: २ मा २ क्रमसंख्या) ।

४१. मोहनप्रसाद खनाल २०४०: २०४ मा ५४ संख्या ।

४२. ने.सं. ६५१ (वि.सं. १५८८) भाद्रशुक्लदशमीको (महेशराज पन्त २०५६: १७ मा ७ सङ्ख्या), ने.सं. ६५८ (वि.सं. १५९४) माघकृष्णचतुर्थीको (ऐजन: १७-१८ मा ८ सङ्ख्या, ने.सं. ६६१ (वि.सं. १५९८) नष्टचैत्रकृष्णएकादशीको (शङ्करमान राजवंशी २०४०: ६), ने.सं. ६६३ (वि.सं. १६००) नष्टश्रावणकृष्णत्रयोदशीको (ऐजन: १९-२० मा ११ सङ्ख्या), ने.सं. ६७८ (वि.सं. १६१४) माघकृष्णचतुर्थीको (अझै अप्रकाशित) ।

४३. ने.सं. ६५२ (वि.सं. १५८८) फाल्गुनकृष्णएकादशीको (महेशराज पन्त २०५६ क: ४१-४२) ।

४४. ने.सं. ६६१ (वि.सं. १५९८) नष्टचैत्रकृष्णत्रयोदशीको (शङ्करमान राजवंशी २०४०: ६) ।

① अघिबाटै आफूले छापिसकेको यो लिखत पहिले छापेको चर्चै नगरी शंकरमान राजवंशी (२०४३: ५)ले फेरि छापेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खानदानी लेखनदास देखिन्छ ।

❑ ❑ ❑

लिखत तयार गर्नेको नाउँ पुराना लिखतमा खास नआए पनि भक्तपुर राज्य अलग भइसकेपछिका राजकीय लिखतमा एकनासले जस्तै लेखकको नाउँ आउने कुरा[४५]को एउटा थप उदाहरण कायस्थ शुठाले तयार पारेको यो लिखत हो ।

मूलपाठ

१. **९ स्वस्ति ।। श्रीश्रीजयप्राण मल्लदेव प्रभु ठाकुरसन प्रसादारपा ۔ स्थानस्य ۔ पूर्व्वदिशप्रदेश्य ۔ प्रपातसिमायां पश्चिमत[४६] ۔ पूर्व्वत श्रीश्रीराजकुलक्षेत्रेण ۔ उत्तरत ۔ दखिणत ۔ एतन्मधे ۔ षुतिंगामक्षेत्रनामसंज्ञकं ۔ तस्य क्षत्राङ्क नवरोपनिकं ۔ रोव ९ तत क्षेत्र यथादेशकालप्रवर्त्तमानिकं ۔ तथा संचारर्घेण ۔ सुवपोस्यमालप्रढोकि-**

२. **तमादाय ۔ ऋयविक्रयस्वाद्धिनेन ۔ ऋयेन विक्रीयंतम्भवति ۔ श्रीअजयपूरिस्थाने ۔ अंतरलं ۔ टोल ۔ येयछें ۔ गृहाद्धिवासिन ۔ नाथुनाम्नेन ۔ क्रीयेविक्रीयन ۔ प्रासादिकृतं ۔ ।। अत्राथे दृसाखि ۔ क्वाछें डोयजुत्वं ۔ क्वबिछें ۔ ग्वाक भंडिरि ۔ भारसि कस्त ۔ लिखिति ۔ काएस्थ शुठाया ۔ ।। सम्वत् ६४९ पौख-**

३. **शुक्लत्रीयोदश्यां ۔ शुभं ।। ० ।।**

३ सङ्ख्या

ने.सं. ६७८ (वि.सं. १६१४) मार्गशुक्लअष्टमी

यस ताडपत्रको फ्याक्सिमिलि तल २२३ पृष्ठमा छ ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ । त्यस छापको बीचमा सानो वृत्त, वृत्तबाहिर आठवटा शङ्ख छन् ।

❑ ❑ ❑

काष्ठमण्डपनगर मेनशुंबहाल[४७] (मुसुंबहाल ?)टोलका हाकु दोय, उनका भतिजा गुणचन्द्र र गुणचन्द्रका

---

४५. महेशराज पन्त २०७०: § १४.४ = १७ ।

४६. **पश्चिमत**को तको डिकोको हाराहारीमा यस्तो * चिह्न दिई माथिल्लो किनारामा **पूर्व्वत** थपिएको छ । **पूर्व्वत**को अगाडि कुन पङ्क्तिमा थप्नुपर्ने हो त्यो जनाउन **१** लेखिएको छ । **पूर्व्वत** थपिसकेपछि यस्तो ^ चिह्न दिइएको छ ।

४७. ने.सं. ५६५ (वि.सं. १५०२) वैशाखशुक्लपञ्चमीको लिखतमा **श्रीयंगल मनुशनिबहार** (महेशराज पन्त २०५०: ५९-६० मा १९ सङ्ख्या), ने.सं. ६०४ (वि.सं. १५४१) ज्येष्ठशुक्लएकादशीको लिखतमा **श्रीकाष्टमन्दपन्नुमायां कोचेल ۔ मनशुबहार** (ऐजन २०६०: २०-२१ मा ४ सङ्ख्या) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भाइसमेतले भई आफ्नो हकभोगको, ४ चाकलाको गरी १८ रोपनी खेत बेची राजीनामापत्र लेखिदिएका थिए । कालान्तरमा त्यो लिखत नष्ट भएकोले ४ चाकलामध्ये २ खण्डको फेरि तयार गरिएको शुद्धपत्र[४८] यो हो । यो शुद्धपत्र दायाँतिर अलिकति टुक्रिएर गएकोले ४ चाकलामध्ये ५ रोपनी खेतको एउटा चाकला कहाँको हो भन्ने थाहा नभए पनि असिंद्वल[४९]को ४ रोपनी, बखमद्वंल[५०] भन्ने ठाउँको ५ रोपनी र फेरि असिंद्वलकै ४ रोपनी खेत हो भन्ने कुरा थाहा हुन्छ । मूल ताडपत्र दायाँतिर टुक्रिएर गएकोले किन्ने मान्छेको नाउँ लुप्त छ ।

मूलपाठ

१. **१ श्रेयोऽस्तु ।। सम्वत् ६७८ मार्ग्गशिरमासे ╲ शुक्लपक्षे ╲ अष्टम्यायां तीथौ ╲ श्रीकाष्टमण्डप-नगरे ╲ मेनशुंबाहारतोलके ╲ भोंत प्लह्ले छें ९ हाकु दोय ╲ भ्रात्रापुत्र गुणचण ╲ भ्रात्य सहया ╲ नाम्नेन केण स्वहस्तेन स्वविद्यमानेन ╲ स्ववाके ...**

२. **एत्तत्मधे ╲ पञ्चरोपंनिकं ╲ भूय असिंद्वल ╲ क्षेत्रनामप्रदेशे ╲ जथाचत्तुराघातेन परिव्यथितं च ╲ एत्तत्मधे ╲ चत्तुरोपंनिकं ╲ जत क्षेत्रं ╲ अंके च बखमद्वल बु रोव ञ ५ भूय असिंद्वल बु रोव पि ४ तस्य क्षेत्रस्य पूर्व्वाधार ...**

३. **विरोन ╲ जुस्यं मोरञान ╲ नि खण्डयां ╲ शुढपति चोस्यं काया जुरो ╲ जति बाडाचित ╲ थ्व नि खण्ड बुयां ╲ क्रेत्रपत्र ╲ श्रीश्रीराजकुर ╲ पात्रकुर ╲ स्वहस्त प्रहस्त ╲ अपलायु ╲ शुयान मन ╲ रूलसनों ╲ अकर्ण्ण जुरो ╲ जदि बाडाचिंतापि ╲ श्व ...**

(पछाडि)

१. **१ बखमद्वल बुया असिंद्वल बुय((ा))● नि ख-**

२. **ण्ड बुयां ╲ शुढपत्र शुभ ।। ।।**

४ सङ्ख्या

ने.सं. ६९९ (वि.सं. १६३६) आषाढकृष्णसप्तमी

यस ताडपत्रको फ्याक्सिमिलि तल २२४ पृष्ठमा छ ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ । त्यस छापको बीचमा **श्री** त्यसको शिरमा एउटा थोप्ला, त्यसपछि थोप्लैथोप्लाले घेरिएको वृत्त, वृत्तबाहिर वृत्ताकारमा ज्वाला, त्यसको बाहिर वृत्त र वृत्तको बाहिर थोप्लैथोप्लाले घेरिएको वृत्त छ । अघिल्लो वृत्तमा थोप्ला कहीँ कहीँ घिसिएकाले र पछिल्लो वृत्तमा सबै थोप्ला

---

४८. **शुद्धपत्र**को विषयमा महेशराज पन्त २०७०: § ७ = ७-१० हेर्नू ।

४९. तीनथानाको पश्चिमपट्टि र स्युचायरको दक्षिणपट्टि असिंडोल भन्ने फाँट छ– पुरुषोत्तम महर्जन ।

५०. सतुङ्गल र बोसीगाउँको सिमाना भई बग्ने खोल्सो बःखु कहिन्छ– पुरुषोत्तम महर्जन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

साबुत नभएकाले ती ती वृत्तमा यति नै थोप्ला थिए भनी किटेर भन्न सकिँदैन ।

❑ ❑ ❑

ललितब्रुमामा मानिग्लमा दक्षिणविहारका पुरन्दरसिंहदेव ठाकुरले ओकुबहाल (मूलमा- **वंकुबाहार**)टेलका मयर बंदेलाई स्थानभन्दा पूर्वपट्टि रहेको स्वंमसिको भन्ने ठाउँको साढे चार रोपनी अर्थात् ४ रोपनी २ जव र गुदे अर्थात् कीर्तिपुर[५१]को ७ रोपनीको ५ खण्डको २ खण्ड जग्गा बेची गरिदिएको राजीनामापत्र यो हो । यस लिखतमा गाबहाल (मूलमा- **गादबहाल**)का बितु आदि श्रेष्ठलोकसमुच्चय साक्षी राखिएका छन् ।

❑ ❑ ❑

ललितपुरका, यंकुलि महापात्रवंशका अन्तिम राजा पुरन्दरसिंहका यसभन्दा अघिकै लिखतमा उनको नाउँमा खास राजोचित **माणिग्लाधिपति** अर्थात् **माणिग्लका राजा** जस्तो विशेषण जोडिएको भए पनि यस लिखतमा भने त्यो जोडिएको छैन । उनको चिनारीको लागि खालि **दक्षिनविहारि** अर्थात् **दक्षिणविहारका**, उनको नाउँको अगाडि राजोचित २ वटा **श्री**, पछाडि राजोचित **ठाकुर** र राजाले बेच्दा लेखिने **प्रसादारपा** मात्र लेखिएको छ ।[५२] यो वंश दक्षिणविहारसँग आबद्ध ज्येष्ठविहार भएकोले **दक्षिणविहारका** यति मात्र लेखी काम चलाइएको छ । ने.सं. ७०३ (वि.सं. १६४०) आषाढकृष्णनवमीको लिखतमा यसै गरी **दक्षिनविहारे ↘ श्रीश्रीजय-पुरन्दर ↘सिंह देव ठाकुरसन** भनी लेखिएको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।[५३]

मूलपाठ

१. **᳚ स्वस्ति ।। सम्वत् ६९९ आषाढ ↘ बद्धि ↘ सप्तम्यायां तिथौ ↘ श्रीललितब्रुमायां ↘ श्रीमानिगरके दक्षिनविहारि ↘ श्रीश्रीजयपुरन्दरसिंहदेव ठाकुरसन प्रसादारपा ↘ श्रीवंकुबाहारटेल ↘ श्रीमयर बंदेजुस नाम्ने प्रसादीकृतं ↘ स्थानस्य ↘ पूर्व्वदिश प्रदेशे ↘ वंकुबाहार जसिराज बंदेया क्षत्रेन ↘**

---

५१. कीर्तिपुर बाघभैरवमन्दिरको, ने.सं. ७०७ (वि.सं. १६४३) कार्तिकशुक्लद्वादशीउप्रान्त त्रयोदशी शुक्रवार उत्तरभद्रानक्षत्र व्याघातयोगको मिति भएको ताम्रपत्रमा **श्रीकीर्तिपुर्य्यां श्रीगुन्देस्थानाधिपतिश्रीश्रीभीमसेनभट्टारकप्रासादोपरि** (धनवज्र वज्राचार्य २०१९: मूलभाग १४) ।
कीर्तिपुर बाघभैरबमन्दिरको ने.सं. ८६२ (वि.सं. १७९८) मार्गकृष्णएकादशी सोमवार स्वातिनक्षत्र अतिगण्डयोगको मिति भएको शिलापत्रमा **दानपति श्रीकित्तिपुरि देशया दथ्व त्वार थान वाहार यन्तागृह दिवंगत ↘ विजय भावोन गुंदे श्री ३ व्याघ्रेश्वर भट्टारकास र चिङ तया** (शुक्रसागर श्रेष्ठ २०५७: १४७-१४८ मा ११२ अभिलेखसङ्ख्या) ।

५२. ने.सं. ६९३ (वि.सं. १६२९) कार्तिककृष्णअमावास्याको (पूर्णरत्न वज्राचार्य २०४८: १२५-१२६) र ने.सं. ७१३ (वि.सं. १६५०) भाद्रशुक्लप्रतिपदाको (महेशराज पन्त २०५७ ग: ४९-५० मा १४ सङ्ख्या) लिखतमा पुरन्दरसिंहमा **मानिगलाधिप/श्रीमानिगराधिप** जोडिएको छ । यिनका लिखतमा ललितपुरका अरू राजाका लिखतमा जस्तो **माणिग्लाधिपति** नआई उही अर्थको **माणिग्लाधिप** आएको चाखलाग्दो छ । नरसिंह, पुरन्दरसिंह र उद्धवसिंह तीनैजना दाजुभाइको, ने.सं. ६८० (वि.सं. १६१७) आषाढपूर्णिमाको लिखतमा भने उनीहरूको विशेषण **श्रीमनिगलाधिपतय** छ ।

५३. महेशराज पन्त २०५७ ग: ४७-४८ मा १० सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पश्छिमत ـ ग्राहकस्य क्षेत्रेन ـ उर्त्तरत ـ श्रीश्रीबाहारया क्षत्रेन पूर्व्वत ـ दोपातया जुगि किसानिया क्षत्रेन दक्षिनतश्च ـ एतेखां मध्य ـ

२. स्वंमसिकोनाम क्षत्र साद्धाधिकचतुररोपनिकं रोवाङ्क रोव पि ४ जव नसि २ भुय गुदेनामक्षत्र सप्तरोपनिकं रोवाङ्क रोव ह्व ७ ध्वतेस ङ्बोस नेबो परिमान याङ प्रसादारपा ـ जथाचत्राघातेन परिवेस्थितं ـ तत्क्षत्र जथादेशकारप्रवर्त्तमान ـ तथा संचारार्घे सुवर्ण्णपुष्पमाराघ प्रढोकितमादाय क्रयविक्रयस्वाधिनेन क्रयेन विक्रियतं भवति ـ अत्रार्थे साक्षि गादबाहार श्रीबितुजु प्रभृति सेष्टरोक-समुश्चयस

३. सर्व्व सोधान धुंङ जुरो शुभ ।। भाखा गुदे बु जुको केकुन गुथिया जुरो ।।

(पछाडि)

मयाजु ।

५ सङ्ख्या

ने.सं. ७१७ (वि.सं. १६५४) भाद्रपूर्णिमा

यस ताडपत्रको फ्याक्सिमिलि तल २२५ पृष्ठमा छ ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ । त्यस छापको वरिपरि २९ वटा थोप्ला छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र बीचमा **श्री** लेखिएको छ । **श्री**को शिरमा एउटा थोप्ला, **श्री**को तल बायाँपट्टि ३ वटा थोप्ला छन् । **श्री**को दायाँबायाँ भएका वस्तु चिन्न सकिएनन् ।

❑ ❑ ❑

ललितब्रुमामा मानिग्लमा पूर्वपट्टि रहेको येतछेबाहारका अमात्य विजयसिंह भारोलाई थपाट (मूलमा- **थंपात**)को भित्रपट्टिको चोकका जिकेराज भारो र उनका भाइ मेल्व भारोले आफूहरूको हकभोगको वफलख्वाट भन्ने ठाउँको २ रोपनी खेतको ३ भागको २ भाग बेची गरिदिएको राजीनामापत्र यो हो । यस लिखतमा बिक्री गर्नेहरूका दाजु जिता भारो साक्षी राखिएका छन् ।

❑ ❑ ❑

ने.सं. ७१७ (वि.सं. १६५४) भाद्रपूर्णिमाको यस लिखतभन्दा सवा २३ वर्षपछिको, तल ७ सङ्ख्याको रूपमा छापिएको, ने.सं. ७४१ (वि.सं. १६७७) मार्गशुक्लचतुर्थीको लिखतमा पनि येतछेबाहारका ग्राहकले खेत किनेको कुरा प्रमाणित छ । ने.सं. ५०२ (वि.सं. १४३९) ज्येष्ठकृष्णत्रयोदशीदेखिका लिखतमा यस बहालको चर्चा आएको[५४] कुरा यस प्रसङ्गमा भन्नुपर्छ ।

❑ ❑ ❑

५४. ने.सं. ५०२ (वि.सं. १४३९) ज्येष्ठकृष्णत्रयोदशीकोमा **येथछेंबाहार** (महेशराज पन्त २०५६ खः १-२ मा १ सङ्ख्या) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिक्री भएको खेतको चारकिल्ला खुलाउँदा यस लिखतमा भिंछेबहाल (मूलमा- **विष्णुछेंबाहार**)को सन्दर्भ आएको छ। ने.सं. ५५० (वि.सं. १४८६) मार्गकृष्णअष्टमीदेखि ने.सं. १००४ (वि.सं. १९४१) आषाढशुक्लअष्टमीसम्मका, ४० वटा अभिलेखमा यस बहालको सन्दर्भ भेट्टाइएकोमा[५५] यस ताडपत्रबाट अझ एउटा सन्दर्भ थपिन गएको छ।

मूलपाठ

१. ᳲ श्रेयोऽस्तु ।। सम्वत् ७१७ भाद्रपदशुक्लपूर्ण्णमास्यां तिथौ श्रीललितब्रुमायां श्रीमानिग्लके पुर्व्वस्थ ।। श्रीयेतछेंबाहारगृह ।। अमाते विजयसिंह भारोस नाम्ना सकासात् ।। श्रीथंपात दुथ्वचोकगृह ।। जिकेराज भारो भ्राते मेल्व भारो उभयस नाम्नेण स्वकियं स्वभुज्यमानिकं ‿ वफलख्वाटक्षेत्रनामप्रदेशे१ श्रीविष्णुछेंबाहार श्रीजिसिंहजुस क्षेत्रशिमायां पश्चिमत ।। लालषु दे-

२. वज्रे जषसिंह भारोस क्षेत्रशिमायां उत्तरत ।। सोतबाहार हशिसिंह भारोस क्षेत्रशिमायां पुर्व्वत ।। [५६]क्षेत्रशिमायां दक्षिनत ।। एतेषाम्मधे ता क्षेत्र द्वयोरोपनिकं जट् क्षेत्र रोवाङ्क रोव नसि २ थ्वतेश धार्ण्णस्वादिकारन त्रयभागस्य द्वयो भाग जुको ता क्षेत्र सक्रषकं ‿ समपरिभोज्ञ जथानग्रकारप्रवत्तमानसञ्वारार्घजथोश्चित्मूल्यमादाय क्रिवि-

३. क्री स्वादिनेन तेनानिवर्त्तकं न्यायन क्रेन विक्रीयतं ‿ भवति जदि स्यात् ।। देविकराजिक विना ता क्षेत्र स्वबोश नेबो जुको क्षेत्र सकट्व्यावाड द्वाकारे तदा धार्ण्णकेन परिसोधनियं अत्र पत्राथे साक्षि ।। धार्ण्णकस जेष्टभ्राता जिता भारोस मेक ।। दृष्ट ।। ता क्षेत्रया क्रिप्न दको सर्व्व सोधान पाचकं धुग्व जुरो शुभं ।।

(पछाडि अर्कै अक्षरमा) (पछाडि)

१. खातया **१. वफलख्वात**

२. हापति **२. जुया क्रि**

ने.सं. ५२९ (वि.सं. १४६६) ज्येष्ठशुक्लसप्तमीकोमा **येथछेबाहार** (ऐजन २०५५: ३ मा ३ सङ्ख्या)।

ने.सं. ५४१ (वि.सं. १४७८) श्रावणशुक्लनवमीकोमा **येथछेबहारः** (ऐजन २०५७: २६-२७ मा ३१ सङ्ख्या)।

ने.सं. ५६६ (वि.सं. १५०३) वैशाखकृष्णपञ्चमीकोमा **यतछेबहार** (ऐजन २०५७ कः १९ मा २६ सङ्ख्या)।

ने.सं. ६४१ (वि.सं. १५७७) माघशुक्लनवमीकोमा **येतछेबहार** (अझै अप्रकाशित)।

५५. महेशराज पन्त २०६६: ५४-५५ मा १ सङ्ख्याको टिप्पणी।

५६. उत्तरपट्टिका जग्गाधनीको नाउँ थाहा नभएकोले पछि थप्न भनी केही ठाउँ छोडी पहिलो पङ्क्तिको **अमातेको अको** ठीक मुनिदेखि लेख्न शुरू गरिएको छ।

६ सङ्ख्या

ने.सं. ७२० (वि.सं. १६५६) फाल्गुनशुक्लचतुर्दशी

यस ताडपत्रको फ्याक्सिमिलि तल २२६ पृष्ठमा छ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ। त्यस छापमा अहिले केही पनि देखिँदैन।

❑ ❑ ❑

ललितब्रुमामा मानिग्लदेखि आग्नेय अर्थात् पूर्व-दक्षिणकोणमा रहेको ओकुबहाल (मूलमा- **वंकुबहाल**)का जितरले आफ्नो हकभोगको, तंकोचो भन्ने ठाउँको डेढ रोपनी खेत ह्नुलबहालका हरि भारोलाई बेची गरिदिएको राजीनामापत्र यो हो। खेतको मोल अघिबाटै लिइसकेकोमा नपुग २१ टङ्का यो लिखत लेख्दा लिइएको कुरा यसबाट बुझिन्छ। यस लिखतमा बेच्नेका गोतिया हेरज्योति साक्षी राखिएका छन्।

मूलपाठ

१. **१ श्रैयोऽस्तु ॥ सम्बत् ७२० फाल्गुणशुक्ल ॥ चतुदश्यां तिथौ ॥ श्रीललितब्रुमायां ॱ श्रीमानीग्ल-के ॱ आग्नेयस्थ श्रीवंकुविहार श्रीजितरजुस नाम्नेन शुक्रीयं स्वभुज्यमानिकं ॥ तत्रेव ह्नुलबाहार अमात्य हरि भारोस नाम्ना शकाशात ॥ तंकोचो[५७]क्षत्रनामप्रदेशे ॱ श्लकोबाहार हेदयराजया क्षेत्र-**

२. **शिमायां पश्चिमत ॥ श्रीबाबुसिंहजुस क्षेत्रशिमायां उर्त्तरत ॥ चाषाबाहार उह्नासिंहया क्षेत्रशिमायां पूर्व्वत ॥ श्रीबाहारया क्षेत्रशिमायां दक्षिणत ॥ एतेषाम्मध्य सार्द्धमेकरोपनीकं रोवांक रोव छित्या १× सकर्षकं सपरिभोग्यं जथानगरकालप्रवर्त्तमानेन सञ्चारार्घेन ज-**

३. **थोच्चितमुल्यमादाय ॱ क्रयविक्रयस्वाधीनतेनानिवर्त्तकं ॱ न्यायेन क्रिन विक्रीयतम्भवति ॱ यद्यश्या देविकराजिक विना शंकटव्यावादकाले तदा धार्ण्णकेन परिसोधनीयं ॱ अत्रार्थे साक्षि क्रि धार्ण्णस्वग्वत्र श्रीहेरजोतिजुस दृष्ट ॥ क्रीपण म तंका नीयछि २१ सर्व्व सोधान धुंग्व जुरो ॥ शुभ ॥**[५८]

(पछाडि)

टंकोचो

---

५७. तंकोको को र क्षत्रको क्षको बीचको अक्षर केरी केरिएको अक्षरको शिरमा यस्तो ˘ चिह्न दिई त्यसको सोझै तल्लो किनारामा चो लेखी त्यो अक्षर कुन पङ्क्तिमा राख्ने हो भन्ने जनाउन पङ्क्ति गन्दा माथिबाट नगनी तलबाट गनी ३ लेखिएको छ।

५८. तेस्रो पङ्क्तिको जुरोको रोको ठीक माथि दोस्रो पङ्क्तिको हाराहारीदेखि छड्के पारी **शुभ ॥** लेखिएको छ। पहिलो पङ्क्तिको हाराहारीभन्दा अलि माथि त्यो गएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७ सङ्ख्या

ने.सं. ७४१ (वि.सं. १६७७) मार्गशुक्लचतुर्थी

यस ताडपत्रको फ्याक्सिमिलि तल २२७ पृष्ठमा छ ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटको छाप छ । त्यस छापको वरिपरि २५ वटा थोप्ला छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराको बीचमा **श्री** लेखिएको छ ।

❑ ❑ ❑

ललितब्रुमामा मानिग्लदेखि आग्नेय अर्थात् पूर्व-दक्षिणकोणमा रहेको ओकुबहाल (मूलमा- **वंकुबाहार**) महाबौद्ध (मूलमा- **माहाबोद्धि**)का जयदेवलाई त्यही बहालमा पश्चिमपट्टि घर हुने कुसुमले आफ्नो हकभोगको, येतछेबहालको आधा खा[५९] घरको ३ खण्डको १ खण्ड बेची गरिदिएको राजीनामापत्र यो हो । यस लिखतमा बेच्नेका भाइ देव साक्षी राखिएका छन् ।

❑ ❑ ❑

ठूलो चैत्यलाई **महाबौद्ध** भनिने हुनाले यहाँ घर किन्नेको वतन खुलाउँदा वंकुबहालको **माहाबोद्धि** भनी लेखिएकोले ओकुबहालको पश्चिमपट्टि रहेको प्रसिद्ध **महाबौद्ध** बुझाएको देखिन्छ ।

मूलपाठ

१. **१ श्रेयोऽस्तु ।। सम्बत् ७४१ मार्ग्गशिरशुक्ल ।। चतुर्थ्यां तिथौ ।। श्रीललितब्रुमायां श्रीमानिगलके आग्नेयकोलिके ।। श्रीवंकुबाहार माहाबोद्धिगृह ।। श्री[६०]जयदेवजुश नाम्ना सकासात् ।। श्रीबंकु[६१]-[बाहार][६२] यो[६३]ता गृह ।। श्रीकुसुमजुश नाम्नेण स्वकी[यं शुभुज्यमा][६४]निकं ↘ स एव येतछेबाहार मूलच(ा) ...**

२. **ग्राहकश गृहशिमायां पूर्व्वतः ।। दक्षिणतः ।। येतछेंबाहार येता गृह ।। अमात्य मेल्व भारोस गृहशिमायां उत्तरतः ।। एतेषाम्मध्ये रथ्यामार्ग्गेन दक्षिणगमन ↘ गृहाङ्गनमण्डले ↘ पुन पश्चिमप्रवेश ↘ पूर्व्वाभिमुषः ता योता मूलछें बाखाया स्वंबोश छिबो जुको ↘ धार्ण्णस्वादिकार जुक्व ↘ जाव छे[६५] ...**

---

५९. **खा**को परिभाषाको लागि महेशराज पन्त २०४९: ६७ हेर्नू ।

६०. **गृ**हको **ह**को डिको, ।। **क्र** र **श्री**को माथिल्लो भाग देखिँदैन ।

६१. पहिले लेखिएको अक्षरमाथि **कु** लेखिएको छ ।

६२. यी ३ अक्षरका तल्ला भाग मात्र देखिन्छन् ।

६३. योको डिकोको बायाँपट्टिको भाग देखिँदैन ।

६४. कोष्ठभित्र पढिएका अक्षरको तल्लो भागका अत्यल्प अंश मात्र देखिन्छन् ।

६५. छेपछिको अक्षरको बायाँ भागको माथिल्लो अंश अलिकति देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. **बाहिरिद्वाराङ्गणस्यंदिनीकायक्षणीस्थापन ، पलांलसंछान स्वसिमासकर्षकं ، स्मपरिभोज्ञं ।। यथा-नगरकालप्रवर्त्तमानेन ، संचारार्घेन यथोचितमूल्यमादाय क्रिबिक्रीस्वाधिनेन तेनानिवर्त्तकं ، न्यायन क्रेण विक्रियतम्भवति ، यदि श्यात् देवीकराजीक विना ، ता स्वंबोश छिबो दु ...**

४. **[६६]धार्ण्णकस्य भ्रात्य ।। श्रीदेवजुश मेक दृष्ट ।। ता गृहया क्रीपन सर्व्व सोधान पुलण धुंग्व जुरो ।। शुभं ।।**

८ सङ्ख्या

ने.सं. ७८१ (वि.सं. १७१८) भाद्रशुक्लपञ्चमी

यस ताडपत्रको फ्याक्सिमिलि तल २२८ पृष्ठमा छ ।

यसमा छाप छैन ।

❑ ❑ ❑

सौगल (मूलमा- **सातिग्ल**)को बाटेमा रहेको यंताबाहारको पश्चिमपट्टि घर भएका जेठा दाजु हरिहरदेव भारो, माहिला भाइ सुखदेव भारो र कान्छा भाइ शिवदेव भारोको बीचमा भएको बण्डापत्र यो हो । यसमा यिनीहरूका काका सर भारो, थसि (मूलमा- **थसिवंदेश**) अर्थात् सानागाउँका शिवकृष्ण मुल्मी भारो र सुबहाल (मूलमा- **श्लोकोबाहार**)का भिक्षु जीवराजदेव गरी ३ जना साक्षी राखिएका छन् । ३ जना दाजुभाइको लागि ३ वटा भिन्नाभिन्नै बण्डापत्र तयार गरिएको कुरा यहाँ लेखिएको छ । अहिले हामीले छाप्न लागेको बण्डापत्रचाहिँ कान्छा भाइसँग रहेको हो भन्ने कुरा यहीँ लेखिएको छ ।

मूलपाठ

१. **९ श्रेयोऽस्तु ।। सम्बत् ७८१ भाद्रपदशुद्धि ५ श्रीसातिग्ल लं यंताबाहर यौता गृह ।। जैष्टभ्राता हरिहरदेव भारोस، मध्यभ्रात्ते शुषदेव भारोस कनेष्टभ्रात्ते शिवदेव भारोस थ्वस क्र थेथे मानान्तिन अन्वयन छें बडि थलङाया भाष थ्वते ।।**

२. **भाषा जथाचत्राघाटेन परिवेस्थितं ।। लं यंताबहार यौता मूलषाछें थनकों जुरो ، लिविचेन परिमाननं तलपेनकं दथो द्यं जुरो ، भूयो यंताबाहार यता मूलछें थ्व बडिस तङ जुरो लं थवथवया थवथवसं बडिन जोय जुरो ، थ्वते बडि**

३. **कनेष्टभ्रात्ते शिवदेव भारोस थव स्यव सुद्धा बडि जुरो ، अष्टलोह अष्टब्रीहि नंपुट, सिंपुट क्येसे वासे ، दुंधन पिंधन ، लेयादेया ، चर्म्मधन आदिपं थ्व संवच्छलन ह्लाया काय कास्यं बिय बिस्यं धुंग्व जुरो ، बडि जिव मजिव घरत वंग्व मव-**

---

६६. तेस्रो पङ्क्तिको स्वसिमासकर्षकंको स्वको ठीक मुनिदेखि चौथो पङ्क्ति शुरू गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४. **ग्व धास्यं थेथे स्यंनंलि थोच मदो ↘ दहिण वामस ↘ थव फुकिंज थेथे यतोले मले हंन मदो ञया नामन सुया बडिसं विवाद द्वाकाले थेथे जास्यं शुद्धकेमाल ध्वते बडि चेल ऋञाया साक्षि कनेष्टपिता सर भारोस ↘ थसिवं-**

५. **[६७]देस शिवकृष्ण मुल्मी भारोस ↘ श्लकेबाहार गृह ॥**

विच्छु श्रीजिवराजदेवजुस त्रिभेश दृष्ट ॥ उति भाषा स्वभें चोता दो जुरों शुभं ॥

(पछाडि)

१. **कनेष्ट भ्रा**

२. **वषंद ता**

३. **छें बडि पत्र**

९ सङ्ख्या

ने.सं. ८१५ (वि.सं. १७५१) मार्गशुक्लषष्ठी

यस ताडपत्रको फ्याक्सिमिलि तल २२९ पृष्ठमा छ ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ । त्यस छापको वरिपरि थोप्ला छन् । दायाँबायाँ र तल धेरै नै थोप्ला मेटिएकाले १३ वटा थोप्ला मात्र देखिन्छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र सबभन्दा माथि दायाँबायाँ दुवैपट्टि चन्द्र छन् । त्यसपछि २ चन्द्रको बीचमा **श्री** लेखिएको छ । **श्री**पछि थोप्लैथोप्लाले घेरिएको खड्ग छ । खड्गको दायाँ **यो** र बायाँ **ग** लेखिएको छ । खड्गको मुठको दायाँबायाँ राखिएका एकएकवटा मकर त्यति स्पष्ट छैनन् ।

❑ ❑ ❑

राजा योगनरेन्द्र मल्लले चालाछेको सडक (**चाकलं**)को दक्षिणपट्टिको घरमा बस्ने भागीसिंह भावोलाई त्यही सडकको पश्चिमपट्टिको ४ खा पातालजग्गा मोहर टङ्का ३३० मा बेची गरिदिएको राजीनामापत्र यो हो ।

❑ ❑ ❑

बेचेको पातालजग्गाको ४ किल्ला खुलाउँदा दक्षिणपट्टि राजाको घर र पश्चिमपट्टि विश्वनाथ वैद्य भारोको घर भएको कुरा यस लिखतबाट थाहा हुन्छ । राजा योगनरेन्द्र मल्लले आफ्नो कुनै घरसँग जोडिएको पातालजग्गा बेचेको देखिन्छ । यस जग्गाको पश्चिमपट्टि घर भएका विश्वनाथ वैद्य भारो वि.सं. १७३५ देखि वि.सं. १७६५ सम्मका लिखतमा देखिएका, सौगल चाबहालका वैद्य विश्वनाथ हुन् ।[६८]

❑ ❑ ❑

---

६७. चौथो पङ्क्तिको **वामस**को **स**को ठीक मुनिदेखि पाँचौं पङ्क्ति शुरू गरिएको छ ।

६८. ने.सं. ७९८ (वि.सं. १७३५) चैत्रअमावास्या (महेशराज पन्त २०६६ ख: ६३-६५) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

योगनरेन्द्र मल्लका उठानउठानका अरू अरू लिखतमा[६९] जस्तै यस लिखतमा पनि बोध मल्ल कुह्मर दृष्टसाक्षी राखिएका छन् । यिनी राजा योगनरेन्द्र मल्लकी दिदी मणिमती[७०]का पति[७१] भएकाले राजाका भिनाजु भए ।

❑ ❑ ❑

लिखत तयार गर्नेको नाउँ पुराना लिखतमा खास नआए पनि भक्तपुर राज्य अलग भइसकेपछिका राजकीय लिखतमा एकनासले जस्तै लेखकको नाउँ आउने र पाटनमा चाहिँ सिद्धिनरसिंह मल्लका पछिल्ला लिखतदेखि मात्र एकनासले जस्तो लेखकको नाउँ आउने कुराको पुष्टि सिद्धिनरसिंह मल्लका नाति योगनरेन्द्र मल्लको यस लिखतमा लेखकको नाउँ आएकोले भएको छ । खास गरी यस्तो लिखत तयार गर्ने काम सबैतिर कायस्थले गर्ने भए पनि पाटनमा चाहिँ पछि पछि दैवज्ञ अर्थात् जोशीले पनि गर्ने गरेको देखिए[७२]अनुसार यो लिखत राजदैवज्ञ मोतिराजले तयार पारेका हुन् ।

मूल पाठ

१. **॰ स्वस्ति ।। श्रीमाणीग्लाधिपति श्रीश्रीजययोगनरेन्द्र मल्लदेव प्रभु ठाकुरसन ॽ चालछे चाकलं यिता गृहनिवासी ग्राहक भागीसिंह भावोया नाम्ने प्रसादीकृतं ॽ तत्रैव चाकलं येता गृह जाव पातालनाम-प्रदेशे ॽ ङ्लेस[[ी]]मायाष्पश्चिमतः श्रीश्रीराज्ञो गृहेण उत्तरतः विश्वनाथ वैद्य भारोस गृहेण पूर्व्वतः रथमार्ग्गेण दक्षिणत-**

२. **श्च ॽॽ एतत्मध्ये मार्ग्गेण दक्षिणप्रवेश उत्तराभिमुख तद्गृह जाव पातालं ने खापि ४ तगृहभूम्यां यथानगरकारप्रवर्त्तमानेन सुवर्ण्णपुष्पमालार्ध प्रढौकृत मोहोर टंका स्वंशलसूय ३३० आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीण प्रसादारपा जुरो ॽ अत्र पत्रार्थे दृष्टसाक्षि श्रीबोध मल्ल कुह्मरजुस ॽ सम्वत् ८१५ मार्ग्गशिरशुक्ल-**

३. **षष्ठ्यान्तिथौ ॽ श्रीराजदैवज्ञमोतिराजेन लिखितं ॽ**

ने.सं. ८०७ (वि.सं. १७४३) माघशुक्लषष्ठी (ऐजन छापिन बाँकी: १५ सङ्ख्या) ।
ने.सं. ८०८ (वि.सं. १७४५) आषाढशुक्लषष्ठी (ऐजन छापिन बाँकी: १६ सङ्ख्या) ।
ने.सं. ८११ (वि.सं. १७४८) भाद्रशुक्लदशमी (ऐजन छापिन बाँकी: १७ सङ्ख्या) ।
ने.सं. ८१९ (वि.सं. १७५५) माघशुक्लअष्टमी (यही लेखमा १० सङ्ख्याको लिखत) ।
ने.सं. ८१९ (वि.सं. १७५५) फाल्गुनकृष्णएकादशी (महेशराज पन्त छापिन बाँकी: १८ सङ्ख्या) ।
ने.सं. ८२४ (वि.सं. १७६१) ज्येष्ठकृष्णत्रयोदशी (ऐजन छापिन बाँकी: २० सङ्ख्या) ।
ने.सं. ८२७ (वि.सं. १७६४) चैत्रकृष्णद्वितीया (ऐजन छापिन बाँकी: २१ सङ्ख्या) ।
ने.सं. ८२९ (वि.सं. १७६५) मार्गकृष्णतृतीया (ऐजन छापिन बाँकी: २२ सङ्ख्या) ।

६९. महेशराज पन्त छापिन बाँकी क ।

७०. घनश्याम सुवेदी आदि २०११ ।

७१. गौतमवज्र वज्राचार्य २०२४: १३९ ।

७२. महेशराज पन्त २०७०: § १४.४ = १७-१८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(पछाडि)

भागिसिं ह भ

१० सङ्ख्या

ने.सं. ८१९ (वि.सं. १७५५) माघशुक्लपञ्चमी

यस ताडपत्रको फ्याक्सिमिलि तल २३० पृष्ठमा छ ।

यस लिखतमा बायाँपट्टि फट्केमा मायाको छाप छ । वृत्ताकार घेराभित्र सबभन्दा माथि दायाँबायाँ दुवैपट्टि चन्द्र छन् । त्यसपछि २ चन्द्रको बीचमा **श्री** लेखिएको छ । **श्री**पछि थोप्लैथोप्लाले घेरिएको खड्ग छ । खड्गको दायाँ **यो** र बायाँ **ग** लेखिएको छ । खड्गको मूठमुनि भएको वस्तु स्पष्ट छैन ।

❑ ❑ ❑

राजा योगनरेन्द्र मल्ल र उनकी पत्नी जयलक्ष्मीले खंबि भन्ने ठाउँको २ रोपनी, नारचा भन्ने ठाउँको डेढ रोपनी र गुडचो भन्ने ठाउँको डेढ रोपनी खेत आफ्नो इष्टदेवता **ध्येनदेवी**लाई ने.सं. ८१९ (वि.सं. १७५५) माघशुक्लपञ्चमी अर्थात् श्रीपञ्चमी बृहस्पतिवार रेवतीनक्षत्र शुभ योग मकरराशिमा सूर्य र मीनराशिमा चन्द्र रहँदा गूठी राखी सङ्कल्पको शैलीमा लेखिएको, दानवाक्यसहितको दानपत्र यो हो। यस गूठीमा मुख्य चिताइदार सौगल (मूलमा- **सातिगल**)का वैद्य विश्वनाथ भारो र लामुगल (मूलमा- **लंखवोल**)का राजदैवज्ञ सदाराम भारो छन् । गूठी राखेको खेतको आयस्ताबाट हरसाल श्रीपञ्चमीको दिन एउटा राँगो बलि दिई ध्येनदेवीको पूजा गर्नुपर्ने कुरा यहाँ लेखिएको छ ।

❑ ❑ ❑

यहाँ राजा योगनरेन्द्र मल्ललाई **माणिग्लाधिपति** मात्र होइन, **संगीतार्णवपारग** भन्ने पदवी पनि दिइएको छ । उनका टकमा[७३] र थुप्रै अभिलेखमा[७४] **संगीतार्णवपारग** भन्ने पदवी आउँछ ।

❑ ❑ ❑

७३. ने.सं. ८०५ का ३ थरी मोहर, ने.सं. ८२० को मोहर (निकोलस गेर्‌भास रोड्स आदि २०४५/४६: १००-१०१ मा ३९१, ३९२, ३९३, ३९७ सङ्ख्या) ।

७४. अभिलेखमा योगनरेन्द्र मल्लको नाउँमा **संगीतार्णवपारग** पदवी जोडिएका केही उदाहरण– ने.सं. ८०५ (वि.सं. १७४२) श्रावणकृष्णप्रतिपदाको शिलापत्रमा **श्रीसंगीतार्ण्णवपारग**① (धनवज्र वज्राचार्य २०५६:

① यस पुस्तकमा **श्रीसँगीतार्ण्णवभारग** पाठ छ । धनवज्र वज्राचार्य बितेपछि छापिएको यस पुस्तकमा यस्ता गल्ती मनग्य छन् । उनी जीवित छँदै छापिएका, उनका अरू अरू पुस्तकका तहभन्दा यसको तह निकै तल्लो छ भनी मैले अन्त अन्त लेखिसकेको छु (महेशराज पन्त २०५८❶: ६९, ऐजन २०६५ क: २९२) ।

❶ त्यहाँ भ्रमवश **महेशराज पन्त २०५७** (महेशराज पन्त २०६५ क: २९२ मा २ सङ्ख्याको टिप्पणी) र **महेशराज पन्त २०५७** ई.सं. २००० (वि.सं. २०५७) (ऐजन: ३०८) छापिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजा योगनरेन्द्र मल्लसँगै यो गूठी राख्ने जयलक्ष्मी उनकी विवाहिता रानी नभई भित्रेनीमध्ये एक हुन् ।[७५] योगनरेन्द्र मल्लका थरीथरीका मोहरमा र सुकीमा पनि जयलक्ष्मीको नाउँ छ । ने.सं. ८०५ को एक थरी मोहरमा,[७६] विनासंवत्को आधा मोहरमा[७७] र सुकीमा[७८] एकापट्टि योगनरेन्द्र मल्लको र अर्कोपट्टि जयलक्ष्मीको नाउँ कुँदिएको छ । ने.सं. ८१८ (वि.सं. १७५४) माघपूर्णिमा आदित्यवारको दिन दिन पुष्यनक्षत्र आयुष्मान्योग पर्दा सूर्य मकर राशिमा र चन्द्र कर्कटराशिमा जाँदा त्रेतायुगादिमा भक्तपुर तलेजुमा योगनरेन्द्र मल्लले ३० रोपनी २ कर्ष खेत गूठी राख्दा भक्तपुरका राजा भूपतीन्द्र मल्ल, पाटन गाबहाल (यल गाडबाहार)का विद्यानन्द उपाध्याय शर्मा, भक्तपुर इपाछेका जयन्त उपाध्याय शर्मा, रघुवंश राउत्त हाकु भा, पाटन (मूलमा- **यल**)का **चौतारा** अर्थात् **मन्त्रिमुख्य** ग्वगल भासँगै यिनै राजपत्नी जयलक्ष्मी साक्षी राखिएका छन् । यिनको नाउँ भूपतीन्द्र मल्ल र त्यसपछि २ जना **द्विजवर** अर्थात् **राजोपाध्याय**को नाउँ पछि मात्र आएकोले यी राजपत्नीको मर्यादाक्रम थाहा हुन्छ ।[७९] ने.सं. ८२६ कार्तिकशुक्लएकादशी तदनुसार वि.सं. १७६२ कार्तिक १६ गते[८०] भक्तपुरेहरूको विषप्रयोगद्वारा योगनरेन्द्र मल्लको मृत्यु भएपछि सती जाने ३३ जना[८१]मध्ये यिनी पनि थिइन्[८२]।

❑ ❑ ❑

यहाँ इष्टदेवतालाई **ध्येनदेवी** लेखिएको छ । नेवार राज्यका राजाहरूका **प्रशस्तिमा तेह्रौं** शताब्दीको चौथो

---

२५४ मा पाटन कोबहालको लक्ष्मीनारायणमन्दिरको अभिलेख), ने.सं. ८१७ (वि.सं. १७५४) ज्येष्ठशुक्लपञ्चमी शुक्रवारको शिलापत्रमा (मोहनप्रसाद खनाल २०३०: ६४-६५) र ने.सं. ८१९ (वि.सं. १७५५) माघपूर्णिमाको ताम्रपत्रमा (रामजी तेवारी आदि २०२०: १५ मा मूलचोकको योगनरेन्द्र मल्लको अभिलेख) **संगीताण्र्णवपारग**, ने.सं. ८१८ को ताम्रपत्रमा **सङ्गीतार्णवपारग** (ऐजन २०१९ क: २९-३० मा तलेजुचोकको योगनरेन्द्र मल्लको अभिलेख) । ने.सं. ८२१ (वि.सं. १७५७) माघकृष्णषष्ठी सोमवारको (लक्ष्मण सत्याल आदि २०१२: २-३ मा श्रीश्रीयोगनरेन्द्रमल्लको ताम्रपत्र) र ने.सं. ८२१ (वि.सं. १७५८) चैत्रशुक्लषष्ठी बृहस्पतिवारको (रामजी तेवारी आदि २०१९: मूलभाग २१-२२ मा मङ्गलबजार मणिमण्डपको अभिलेख) ताम्रपत्रमा **संगीतार्णवपारग** । ने.सं. ८२२ (वि.सं. १७५८) मार्गकृष्णनवमीको ताम्रपत्रमा **सङ्गीताण्र्णवपारग** (ऐजन २०२० क: ११ मा तलेजुचोकको योगनरेन्द्र मल्ल र भूपतीन्द्र मल्लको अभिलेख) ।

ने.सं. ८१० (वि.सं. १७४७) ज्येष्ठकृष्णद्वितीयाको, दुनियाँदारले राखेको शिलापत्रमा **सङ्गीतविद्यापारग** (ऐजन २०१९: मूलभाग २० मा यम्पिविहारको अभिलेख ।

७५. ठ्यासफू बी १९ पृष्ठ = डिल्लीरमण रेग्मी २०२३, २ खण्ड: ५३ ।

७६. निकोलस गेर्भास रोड्स आदि २०४५/४६: १०० = ३९१ सङ्ख्या ।

७७. ऐजन १०१ = ४०४ सङ्ख्या ।

७८. ऐजन १०२ = ४१० सङ्ख्या ।

७९. रामजी तेवारी आदि २०१९ क: २९-३० मा तलेजुचोकको योगनरेन्द्र मल्लको अभिलेख ।

८०. शङ्करमान राजवंशी २०२२: ३८ ।

८१. धनवज्र वज्राचार्य २०१९: मूलभाग १५१-१५२ ।

८२. ठ्यासफू बी १९ पृष्ठ = डिल्लीरमण रेग्मी २०२३, २ खण्ड: ५३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाउदेखि **मानेश्वरी**को नाउँ चढे पनि एकाध अपवाद छोडेर उनीलाई **इष्टदेवता** भनी लेखेकोचाहिँ सत्रौँ शताब्दीको चौथो पाउदेखि मात्र लगालग पाइन्छ।[८३] यसरी पछिल्ला लेखमा **मानेश्वरी**[८४]लाई मात्र नभई

---

८३. महेशराज पन्त २०७० क।

८४. मल्ल राजाहरूका प्रशस्तिमा **मानेश्वरीष्टदेवता** लेखेको जति भने पनि पाइन्छ। विचार गर्न सजिलो होओस् भनी तल केहीको सन्दर्भ दिइन्छ–

शाके १५५२ ने.सं. ७५० (वि.सं. १६८७) वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण) द्वादशी बृहस्पतिवार रेवतीनक्षत्र प्रीतियोगको, जगज्योतिर् मल्लको शिलापत्र (भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७: १-२), शाके १५६३ ने.सं. ७६१ (वि.सं. १६९८) आषाढशुक्लसप्तमी आदित्यवारको, लक्ष्मीनरसिंह मल्लको शिलापत्र (धनवज्र वज्राचार्य २०१९: मूलभाग: ८१), ने.सं. ७७५① (वि.सं. १७१२) आषाढशुक्लनवमी शुक्रवार चित्रानक्षत्र शिवयोगको, प्रताप मल्लको शिलापत्र (गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८: १७-१८ मा स्वयम्भू अनन्तपुरको अभिलेख), ने.सं. ७९६ (वि.सं. १७३२) कार्तिकशुक्लप्रतिपदाको, सिद्धिनरसिंह मल्लको शिलापत्र (रामजी तेवारी आदि २०१९: १३ मा भण्डारखालको अभिलेख), ने.सं. ७९६ (वि.सं. १७३२) कार्तिकपूर्णिमाको, श्रीनिवास मल्लको ताम्रपत्र (धनवज्र वज्राचार्य २०५६: १९२ मा १३५ सङ्ख्या), ने.सं. ७९६ (वि.सं. १७३३) वैशाखकृष्णतृतीयाउप्रान्त चतुर्थी आदित्यवार मूलनक्षत्र वरीयान्योग वृषराशिमा सूर्य धनुराशिमा चन्द्रमा भएको मितिको, नृपेन्द्र मल्लको पालाको शिलापत्र(शङ्करमान राजवंशी २०२०: ६-७ मा १३४ संख्या), ने.सं. ७९७ वि.सं. १७३४ शाके १५९९ कलिगत वर्ष ४७७८ भाद्रशुक्लद्वितीया (भाद्र १९ गते)② सोमवार उत्तरफल्गुनीनक्षत्र शुभयोगको, जितामित्र मल्लको शिलापत्र (रामजी तेवारी आदि २०१९ क: २४-२५ मा कुमारीचोकको जितामित्र मल्लको अभिलेख), ने.सं. ८०५ (वि.सं. १७४१) कार्तिककृष्णद्वादशीको, पार्थिवेन्द्र मल्लको पालाको शिलापत्र (डिल्लीरमण रेग्मी २०२३ क: २००-२०२ मा ९२ सङ्ख्या), ने.सं. ८०५ शाके १६०६ वि.सं. १७४१ कलिगत वर्ष ४७८५ मार्गकृष्णनवमी शनिवार चित्रानक्षत्र सुकर्मयोग धनुराशिमा सूर्य कन्याराशिमा चन्द्रमा भएको मितिको, जितामित्र मल्लको अभिलेख (रामजी तेवारी आदि २०१९ क: २८ मा तलेजुचोकको तोरणको अभिलेख), ने.सं. ८१० (वि.सं. १७४६) कार्तिककृष्णपञ्चमी बुधवार पुनर्वसूनक्षत्र साध्ययोग तुलाराशिमा सूर्य मिथुनराशिमा चन्द्रमा भएको मितिको, भूपालेन्द्र मल्लको, शिलामा उत्कीर्ण लेख (गौतमवज्र वज्राचार्य २०३३: २४३ मा ४७ संख्या), ने.सं. ८२२ (वि.सं. १७५८) मार्गकृष्णनवमीको, योगनरेन्द्र मल्ल र भूपतीन्द्र मल्लको ताम्रपत्र (रामजी तेवारी आदि २०२० क: ११ मा तलेजुचोकको योगनरेन्द्र मल्ल र भूपतीन्द्र मल्लको अभिलेख), ने.सं. ८३४ (वि.सं. १७७०) चैत्रशुक्लचतुर्थीको, भास्कर मल्लको ताम्रपत्र (गोविन्द टण्डन २०५६: २२२ मा परिशिष्ट ६२), ने.सं. ८४३ (वि.सं. १७८०) चैत्रशुक्लएकादशीको, जगज्जय मल्लको ताम्रपत्र (ऐजन: २२५ मा परिशिष्ट ६५), ने.सं. ८५१ (वि.सं. १७८७) माघकृष्णद्वितीयाउप्रान्त तृतीया शनिवार हस्तनक्षत्र शूलयोगको, रणजित् मल्लको ताम्रपत्र (रामजी तेवारी आदि २०२१: ५२ मा ९ संख्या), ने.सं. ८५२ (वि.सं. १७८९) श्रावणकृष्णसप्तमी मङ्गलवार भरणीनक्षत्र वृद्धियोगको, विष्णु मल्लको ताम्रपत्र (डिल्लीरमण रेग्मी २०२३ क: २९३-२९४ मा १४० ए सङ्ख्या),

---

① **यहाँ संवत् ७७५ भनी स्पष्टसंग लेखिएको छ तापनि गणना गरी हेर्दा ७७६ मात्र मिल्छ** (गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८: १७ मा टिप्पणी।

② भोलानाथ पौडेल २०२१: १६ मा दोस्रो टिप्पणी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तलेजु[८५]लाई र विरलाकोटि **देगुतलेजु**[८६]लाई पनि उनीहरूले **इष्टदेवता** नै मानेको देखिएको छ । यस लिखतमा

नेसं. ८५७ (वि.सं. १७९४) चैत्रकृष्णत्रयोदशीको, जयप्रकाश मल्लको ताम्रपत्र (महेशराज पन्त २०५५ कः ३९ मा ९ सङ्ख्या), ने.सं. ८७४ (वि.सं. १८११) चैत्रकृष्णषष्ठी[①]को, राज्यप्रकाश मल्लको ताम्रपत्र (लूछ्याह्गो पेतेक २०१०: २२९) वीरपुस्तकालय तेस्रो लगतमा ३९६ सङ्ख्याको, तेजनरसिंह मल्लको पालामा सारिसिद्धिएको[②] *पञ्च-रक्षा* पूर्णरत्न वज्राचार्य २०२३: २६-२७) ।

८५. **तलेजुलाई इष्टदेवता** भनी लेखेका उदाहरण–

नेसं. ७४१ (वि.सं. १६७७) माघकृष्णचतुर्दशी (फाल्गुन १५ गते) शनिवारको, लक्ष्मीनरसिंह मल्ल र सिद्धिनरसिंह मल्लको ताम्रपत्रमा कुँदिएको सन्धिपत्र (रामजी तेवारी आदि २०२१: १, ११२), ने.सं. ७६२ (वि.सं. १६९९) ज्येष्ठकृष्णनवमी शुक्रवार रेवतीनक्षत्र शोभनयोग मिथुनराशिमा सूर्य मीनराशिमा चन्द्रमा भएको मितिको, प्रताप मल्लको शिलापत्र (गौतमवज्र वज्राचार्य २०३३: १९९-२०२ मा १३ संख्या), ने.सं. ७६५ (वि.सं. १७०१) पौषपूर्णिमा बृहस्पतिवार पुष्यनक्षत्रको, प्रताप मल्लको मूर्तिको उत्कीर्ण लेख (ऐजनः २०२ मा १५ संख्या), ने.सं. ७६९ (वि.सं. १७०५) फाल्गुनकृष्णसप्तमीको, प्रताप मल्लको सुवर्णपत्र (ऐजनः २०४ मा १७ संख्या), ने.सं. ७८४ (वि.सं. १७२०) पौषअमावास्या सोमवार श्रवणनक्षत्र व्यतीपातयोगको, चक्रवर्तीन्द्र मल्लको तुलादानको शिलास्तम्भलेख (ऐजनः २१९-२२० मा २८ संख्या), ने.सं. ७८४ (वि.सं. १७२०) पौषअमावास्या सोमवार श्रवणनक्षत्र व्यतीपातयोगको, प्रताप मल्लको शिलास्तम्भलेख (ऐजनः २२०-२२२ मा २९ संख्या), ने.सं. ७९१ (वि.सं. १७२७) माघ... आदित्यवारको, प्रताप मल्लको उत्कीर्ण लेख (ऐजनः २२४ मा ३२ संख्या), ने.सं. ७९२ (वि.सं. १७२८) पौषअमावास्या शुक्रवार उत्तराषाढाउप्रान्त श्रवणनक्षत्र शुद्धियोगको, प्रताप मल्लको उत्कीर्ण लेख (ऐजनः २२७-२३० मा ३५ संख्या), ने.सं. ८०२ (वि.सं. १७३८) माघकृष्णषष्ठी सोमवार हस्तनक्षत्र धृतियोगको, पार्थिवेन्द्र मल्लको शिलास्तम्भलेख (ऐजन २०३३: २३५-२३९ मा ४४ संख्या), कलिगत वर्ष ४८०६ वि.सं. १७६३ शाके १६२८ ने.सं. ८२६ ज्येष्ठकृष्णचतुर्थीउप्रान्त पञ्चमी बुधवार शतभिषग्नक्षत्र आयुष्मान्योग मिथुन-राशिमा सूर्य कुम्भराशिमा चन्द्रमा भएको मितिको, भूपतीन्द्र मल्लको सुवर्णपत्र (लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०१२: २-३), ने.सं. ८४३ (वि.सं. १७८०) वैशाखपूर्णिमा बृहस्पतिवार अनुराधानक्षत्र शिवयोग मेषराशिमा चन्द्रमा भएको मितिको, जगज्जय मल्लको ताम्रपत्र (गौतमवज्र वज्राचार्य २०३३: २५६-२५७ मा ६२ संख्या) ।

८६. **देगुतलेजुलाई इष्टदेवता** भनी लेखेको प्रमाण–

ने.सं. ७९० (वि.सं. १७२७) भाद्रशुक्लद्वादशीउप्रान्त त्रयोदशी बृहस्पतिवार श्रवणनक्षत्र शोभनयोगको, प्रताप मल्लको शिलास्तम्भलेख (ऐजनः २२२-२२४ मा ३० संख्या) ।

① डिल्लीरमण रेग्मी (२०२३ कः ३०६-३०७ मा १४९ सङ्ख्या)ले **चैत्रवद्धि ५** पाठ दिएका छन् । फुल्जेन्तिउस भान्निनि (२०३३: ५९ र ६० पृष्ठको बीच)ले छपाएको यस ताम्रपत्रको फ्याक्सिमिलि मैले हेरेको छु, तर फ्याक्सिमिलि त्यति स्पष्ट छैन । ब्रायन हाउटन हाज्सनले गरेको, यस ताम्रपत्रको उल्थामा पनि तिथि **षष्ठी** नै छ (फुल्जेन्तिउस भान्निनि २०३३: ५९) ।

② पूर्णरत्न वज्राचार्य २०२३: २७ अनुसार त्यस पुस्तकमा सारिसिद्धिएको मिति यसरी दिइएको छ– **सम्बत् ८१३ माघमासे शुक्लपक्षे पञ्चम्यायां तिथौं रेवती प्र अश्विनीनक्षत्रे शुभयोगे यथाकर्णमुहूर्ते अंगारवारसरे कुंभराशिगते सवित्तरि मेषराशिगते चन्द्रमसि एतद्दिने लिखित सम्पूर्णम्** ।। ने.सं. ८८५ मा मात्र तेजनरसिंह मल्ल राजा भएकाले (पीटर बर्लि २०३२/३३) यहाँ संवत्को अङ्क ठीकसँग नपढिएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ध्येनदेवी भनी इष्टदेवताको थप नाउँ आएको विचारणीय छ ।

❑ ❑ ❑

सातिगल अर्थात् सौगलभित्र चाबहाल पर्ने भएकोले यहाँ गूठीका चिताइदारमा परेका **विश्वनाथ वैद्य भारो** भनेर वि.सं. १७३५ देखि वि.सं. १७६५ सम्मका लिखतमा देखिएका, सौगल चाबहालका वैद्य विश्वनाथलाई नै भनेको हो । अर्का चिताइदार **राजदैवज्ञ सदाराम भारो**लाई **लंखवोल**का भनेर लेखिएकोले र **सातिगल** र **लंखवोल** अर्थात् **सौगल** र **लामुगल** सँगसँगै भएकाले र कुनै कुनै लिखतमा विश्वनाथ वैद्यलाई पनि **लंखवोल**का[८७] भनेर लेखिएकोले र **चाबहाल**का यी वैद्यहरूलाई समेटेर भन्नुपर्दा **लंखवोल्का वैद्य** भनी लेखिएको देखिएकोले[८८] दुवै चिताइदार सँगसँगैको ठाउँका देखिन्छन् ।

❑ ❑ ❑

यस दत्तपत्रमा दृष्टसाक्षी राखिएका विद्यानन्द उपाध्यायको विषयमा अब केही लेख्नुपरेको छ ।

ने.सं. ८०५ (वि.सं. १७४१) पौषकृष्णपञ्चमी बृहस्पतिवारको दिन हस्तनक्षत्रमा राजा श्रीनिवास मल्लले आफ्ना छोरा योगनरेन्द्र मल्ललाई राज्याभिषेक दिँदा यज्ञ गर्ने यिनै विद्यानन्द उपाध्याय थिए भन्ने कुरा तात्कालिक टिपोटबाट थाहा हुन्छ ।[८९]

विद्यानन्द उपाध्याय शर्माको घर गाबहाल (मूलमा- **गाडबाहार**) गई ने.सं. ८०६ (वि.सं. १७४२) माघकृष्णद्वितीयाको दिन राजा योगनरेन्द्र मल्लले अयुताहुतियज्ञको आरम्भ गरेको कुरा त्यही टिपोटमा छ ।[९०]

ने.सं. ८१८ (वि.सं. १७५४) माघपूर्णिमा आदित्यवारको दिन भक्तपुर तलेजुमा योगनरेन्द्र मल्लले ३० रोपनी २ कर्ष खेत गूठी राख्दा भक्तपुरका राजा भूपतीन्द्र मल्ल, इपाछेँका जयन्त उपाध्याय शर्मा, योगनरेन्द्र मल्लकी राजपत्नी जयलक्ष्मी, रघुवंश राउत्त हाकु भा, पाटन (मूलमा- **यल**)का चौतारा ग्वगल भासँगै पाटन गाबहाल (मूलमा- **यल गाडबाहार**)का विद्यानन्द उपाध्याय शर्मा साक्षी राखिएका छन् । यिनको नाउँ भूपतीन्द्र मल्लको नाउँको लगत्तै आएकोबाट यिनको मर्यादाक्रम थाहा हुन्छ ।[९१]

त्यसताका निकै नै बलवान् भएका उभाहरूको विरोधमा पाटनका राजा योगनरेन्द्र मल्ल, काठमाडौँका राजा भूपालेन्द्र मल्ल र भक्तपुरका राजा भूपतीन्द्र मल्लले ने.सं. ८१८ अर्थात् वि.सं. १७५५ मा पाटन मूलचोकमा राखेको ताम्रपत्रमा भूपतीन्द्र मल्लका काका उग्र मल्ल, भूपालेन्द्र मल्लका छोरा भास्कर मल्ल, विश्वम्भर उपाध्याय, जयन्त उपाध्याय, कृष्ण भट्ट, महेश्वर भट्ट, हरिशङ्कर भट्ट, नवमीसिंह भा, ग्वगल भासँगै विद्यानन्द

८७. ने.सं. ८०८ (वि.सं. १७४५) आषाढशुक्लषष्ठी (महेशराज पन्त छापिन बाँकी: १७ सङ्ख्या) ।
ने.सं. ८११ (वि.सं. १७४८) भाद्रशुक्लदशमी (ऐजन छापिन बाँकी: १८ सङ्ख्या) ।
८८. ने.सं. ८२३ (वि.सं. १७५९) पौषशुक्लद्वितीया (ऐजन छापिन बाँकी: २० सङ्ख्या) ।
८९. *ठ्यासफू एच्* (डिल्लीरमण रेग्मी २०२३, २ खण्ड: ११४-११५) ।
९०. *ठ्यासफू एच्* (ऐजन: ११५) ।
९१. रामजी तेवारी आदि २०१९ क: २९-३० मा तलेजुचोकको योगनरेन्द्र मल्लको अभिलेख ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपाध्याय पनि दृष्टसाक्षी राखिएका छन् ।[९२] राजाका भाइछोरापछि ३ शहरका ३ जना उपाध्यायका नाउँ दिइएकोमा यी विद्यानन्द उपाध्यायको नाउँ काठमाडौँका गुरुज्यू[९३] विश्वम्भर उपाध्याय र भक्तपुरका गुरुज्यू[९४] जयन्त उपाध्यायको नाउँको बीचमा आएको छ ।

श्रीमाणिग्लाधिपति महाराजाधिराज संगीतार्णवपारग श्रीश्रीजययोगनरेन्द्र मल्लदेव प्रभु ठाकुरले श्रीविद्यानन्द उपाध्यायज्यू प्रमुखले पाटन देशका पण्डित जम्मा गरेर आफ्नो गूठीको परिपाटी लेखेर राखेको बेहोरा यति[९५] भनी राजाले आफ्ना खलकको जूठो बार्ने विषयमा ने.सं. ८१९ (वि.सं. १७५५) माघपूर्णिमाको दिन लिपिबद्ध गरिएको परिपाटीमा लेखिएकोले पाटन राज्यका पण्डितहरूमा विद्यानन्द उपाध्यायको मुख्य स्थान थियो भन्ने बुझिन्छ ।

तीर्थयात्रा गर्न भनी गएका, काठमाडौँका राजा भूपालेन्द्र मल्ल अयोध्यानजीकै नैहर भन्ने ठाउँमा ब्रह्मनाभमा ने.सं. ८२१ (वि.सं. १७५७) कार्तिकअमावास्याको दिन अकस्मात् परलोक भए । खबर २ महीना ५ दिनमा यहाँ आइपुग्दा माघशुक्लपञ्चमीको दिन उनको चिनासँगै उनका रानीहरू सती गए । मृतकका काका पर्ने– खुलाएर भन्ने हो भने मृतकका कान्छा बराजुका नाति– पाटने राजा योगनरेन्द्र मल्लले आँटेको कोटिहोमको अग्निस्थापना गर्ने दिन आउन १६ दिन मात्र बाँकी भएकोले जूठोले कोटिहोम छेक्छ कि छेक्दैन भन्ने शङ्का उठ्दा आशौचको समय बितिसकेकोले योगनरेन्द्र मल्लले तीन रात मात्र जूठो बारे पुग्छ भनी पण्डित उपाध्यायहरूले निर्णय गरे र चिनाको अग्निसंस्कार भएको सोह्रौँ दिन ने.सं. ८२१ (वि.सं. १७५७) माघकृष्णषष्ठीको दिन

---

९२. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१०: ५९-६९ ।

९३. रामजी तेवारी आदि २०२१: ३९ ।

९४. ने.सं. ८१८ (वि.सं. १७५४) माघपूर्णिमाको दिन योगनरेन्द्र मल्लले भक्तपुर तलेजुमा गूठी राख्दा राखेको ताम्रपत्रमा पाटन गाबहालका विद्यानन्द उपाध्याय शर्मा र इपाछेँका जयन्त उपाध्याय शर्मा पनि गुठियार राखिएका छन् । पाटनको तर्फबाट त्यहाँका विद्यानन्द र भक्तपुरको तर्फबाट इपाछेँका जयन्त गुठियार राखिएको देखिन्छ । यी जयन्त पाटनका गुरुज्यू विद्यानन्द बराबरका देखिएकाले उनलाई **भक्तपुरका गुरुज्यू** भनी माथि लेखिएको हो ।

९५. **श्रीमाणीग्लाधिपति महाराजाधिराज संगीतार्ण्णवपारग श्रीश्रीजययोगनरेन्द्र मल्लदेव प्रभु ठाकुरसन ।। श्रीविद्यानन्द**[①] **उपाध्याजु प्रमुखन यलंदेशया पंण्डित मुनकाव थव गोष्ठीया परिपाति चोस्यं तयास भाषा ध्वते ।।**

(रामजी तेवारी आदि २०२०: १५ मा मूलचोकको योगनरेन्द्र मल्लको अभिलेखबाट)

---

① प्रकाशित पाठ **श्रीविद्याचन्द्र** छ । ने.सं. ८१८ को, माथि चर्चा गरिएको ताम्रपत्रको पाठमा रामजी तेवारी आदि २०२१: २४ (मूलको १६ पङ्क्ति) र धनवज्र वज्राचार्य २०५६: ३०५ मा पनि यसै गरी **श्रीविद्याचन्द्र** पाठ छापिएको छ । पछिल्लो ताम्रपत्रको मूल हेर्दा **श्रीविद्यानन्द्र** लेखिएको स्पष्ट देखिन्छ (महेशराज पन्त २०६९: ४८१) । यसको उल्थामा रामजी तेवारी आदि २०२१: २५ मा **श्रीविद्याचन्द्र** नै छापिएको र धनवज्र वज्राचार्य २०५६: ३०६ मा चाहिँ **श्रीविद्यानन्द** छापिएको छ । यस ताम्रपत्रको पाठ दिँदा त्यही शब्द अन्यत्र चाहिँ **श्रीविद्यानन्द** भई छापिएको छ (धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१०: ६६, धनवज्र वज्राचार्य २०१९: २४४, डिल्लीरमण रेग्मी २०२३ क: २३१ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कोटिहोमको अग्निस्थापना गरिएको कुरा पाटन मूलचोकमा रहेको ताम्रपत्रबाट बुझिन्छ। यसो गर्न सल्लाह दिने ४ जना उपाध्यायहरूमध्ये १ जना हाम्रा विद्यानन्द शर्माको पनि त्यस ताम्रपत्रमा नाउँ छ।[९६]

❑ ❑ ❑

यो लिखत राजदैवज्ञ महेन्द्रराजले तयार पारेका हुन्।

---

९६. चन्द्रमान जोशीसँग रहेको ठ्यासफू ९७ पृष्ठ = महेशराज पन्त २०६६ गः २२०।

ठ्यासफू बी ८ पृष्ठ = डिल्लीरमण रेग्मी २०२३, २ खण्डः ८।

भूपालेन्द्र मल्ल कार्तिकअमावास्याको दिन परलोक भए भनी दुवै ठ्यासफूमा लेखिए पनि अघिल्लो ठ्यासफूमा वार दिइएको छैन, पछिल्लोमा चाहिँ सोमवार दिइएको छ। *भाषावंशावली*मा चाहिँ कार्तिककृष्णत्रयोदशी बुधवारको दिन उनी परलोक भए (धनवज्र वज्राचार्य २०१९: मूलभाग २२६) भनी लेखिएको छ।

भूपालेन्द्र मल्ल परलोक भएको २ महीना ५ दिनमा खबर आइपुग्दा मृतकको चिनासँगै सती जाने काम भयो, चिनाको अग्निसंस्कार गरेको सोह्रौँ दिन माघकृष्णषष्ठी सोमवारको दिन कोटिहोमको अग्निस्थापना गरियो भनी पाटन मूलचोकको, योगनरेन्द्र मल्लको ताम्रपत्रमा लेखिएको छ (लक्ष्मण सत्याल आदि २०१२: २-४)।

गणना गरी हेर्दा त्यो साल कार्तिककृष्णत्रयोदशीको दिन बुधवार परेकोले *भाषावंशावली*मा कार्तिककृष्णत्रयोदशी बुधवार भनी मिति दिइएको सत्य भए पनि भूपालेन्द्र मल्ल परलोक भएको २ महीना ५ दिनमा त्यसको खबर आइपुग्यो र चिनासँगै सती जाने काम पनि भयो, अनि त्यसको सोह्रौँ दिन माघकृष्णषष्ठी सोमवारको दिन कोटिहोमको अग्निस्थापना गरियो भनी पाटन मूलचोकको ताम्रपत्रमा लेखिएकोले कार्तिकअमावास्या शुक्रवारदेखि २ महीना ५ दिनमा माघशुक्लपञ्चमी आदित्यवार पर्ने र त्यसपछि सोह्रौँ दिनमा माघकृष्णषष्ठी सोमवार पर्ने हुनाले सो ताम्रपत्र र ठ्यासफूको कुरा मिल्न आएकोले भूपालेन्द्र मल्ल कार्तिकअमावास्याकै दिन परलोक भएका हुन् भनी धनवज्र वज्राचार्य २०१९: मूलभाग ३५०-३५१ मा गणना गरी निर्णय गरिएको थियो। अर्को ठ्यासफू (ठ्यासफू बी ८ पृष्ठ = डिल्लीरमण रेग्मी २०२३, २ खण्डः ४९)मा पनि भूपालेन्द्र मल्ल कार्तिकअमावास्याको दिन परलोक भए भनी लेखिएको छ र अघिल्लो ठ्यासफूमा वार नदिइएकोमा यसमा चाहिँ वार पनि दिइएको छ। माघशुक्लपञ्चमी आदित्यवारको दिन उनको चिनासँगै रानीहरू सती गएको देखिएकोले धनवज्र वज्राचार्य २०१९: मूलभाग ३५०-३५१ मा गरिएको निर्णयको पुष्टि भएको छ। तर गणनाद्वारा कार्तिकअमावास्याको दिन शुक्रवार पर्ने भनी निर्णय गरिएकोमा यस ठ्यासफूमा सोमवार लेखिए पनि शुक्रवारको ठाउँमा भ्रमवश सोमवार लेख्न पुगेको हो कि जस्तो देखिन्छ।

पाटन मूलचोकको सम्बद्ध ताम्रपत्रमा भूपालेन्द्र मल्ल ब्रह्मनाभमा परलोक भएको भनी लेखिएको छ (लक्ष्मण सत्याल आदि २०१२: २)। एउटा टिपोटमा **नैहर धाया थास** अर्थात् **नैहर भन्ने ठाउँमा** यिनी परलोक भएको कुरा लेखिएको छ (ठ्यासफू बी ८ पृष्ठ = डिल्लीरमण रेग्मी २०२३, २ खण्डः ४९)। *भाषावंशावली*मा चाहिँ **अयोध्यादेखि ४ दिनका रस्तामा ... परलोक भया** भनी लेखिएको छ (धनवज्र वज्राचार्य २०१९: मूलभाग २२६)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. स्वस्ति ।। ॐ अद्य श्वेतवाराहकल्पे वैवश्वतमन्वंतरे कलियुगप्रथमचरणे जम्बुद्वीपे भरतखण्डे आर्य्यावर्त्तपुण्यस्थाने हिमवत्पादे पशुपतिसंनिधाने वासुकीक्षेत्रे वाग्वत्या दक्षिणकूले नेपालदेशान्तर्गत-ललितपट्टने इहैव पुण्यभूमौ ।। श्रेयोऽस्तु ।। संम्वत् ८१९ माघमासे शुक्लपक्षे ।। श्रीपञ्चम्यान्तिथौ । रेवतीनक्षत्रे ।। शुभयोगे ।। यथाकरणमुहूर्त्ते ।।

२. (बृ)हस्पतिवासरे ।। मकरराशिगते सवितरि ।। मीनराशिगते चन्द्रमसि ।। अस्मिन्दिने श्रीमाणीग्लाधिपतिसंगीतार्ण्णवपारगः श्रीश्रीजययोगनरेन्द्रमदेव[९७]वर्म्मणा स्वभार्य्या श्रीजयलक्ष्मीदेवी उभयो हस्तेन ।। षंबिक्षेत्र द्वयोरोपनिकं रोव नसि २ पुन ब्वाकन नारचाक्षेत्र सार्द्धमेकरोपनिकं रोव छित्या १× पुन गुडचोक्षेत्र सार्द्धमेकरोपनिकं रोव

३. छित्या १× यथाचतुराघाटेन परिवेष्ठितं एते त्रय राशिक्षेत्राः श्रीमदिष्टदेवतासया जुल ध्येनदेवीभट्टारकाप्रीतये संप्रदत्तं ।।

स्वदत्तां परदत्तां वा यो हरेत्सुरविप्रयो
षष्ठीवर्षसहस्राणि विस्थायां जायते क्रिमिः ।।

भाषा थ्वते बुया वर्षप्रति वरसानन ‚ स एव पञ्चमी कुह्नु

४. मेसह्मंछि १ दयकं पूजा यायमाल जुरो ।। थ्वतेस चिन्ता याक गोष्ठी ‚सातिगलया विश्वनाथ वैद्य भारो ‚ लंखवोलया श्रीराजदैवज्ञ सदाराम भारो थ्व नेह्म प्रमुखन

(पछाडि)

१. गुथि तयापनिस चिता यायमाल ।। दत्तपत्रार्थे साक्षि द्विजवर श्रीविद्यानन्द उपाध्या शर्म्मणस दृष्टः ।।
२. श्रीराजदैवज्ञमहेन्द्रराजेन लिखितं ।। शुभ ।।

११ सङ्ख्या

ने.सं. ८२३ (वि.सं. १७६०) श्रावणशुक्लएकादशी

यस ताडपत्रको फ्याक्सिमिलि तल २३१ पृष्ठमा छ ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ । त्यस छापको वरिपरि १८ वटा थोप्ला छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र श्री लेखिएको छ । श्रीको शिरमा एउटा थोप्ला छ ।

❑ ❑ ❑

ललितब्रुमामा मानिग्लदेखि नैर्ऋत्य अर्थात् दक्षिण-पश्चिमकोणमा रहेको वलाटेल (मूलमा- **वंला**)को मधुमगुडिको बाटेदेखि उत्तरपट्टि भित्र घर भएका विश्वनाथ मुल्मी भारोले आफ्नो हकभोगको वलाको बाटेदेखि पश्चिमपट्टि घर

---

९७. °योगनरेन्द्रमल्लदेव° हुनुपर्नेमा मूलमा ल्ल छुटेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भएका दैवज्ञ नारायणलाई खेत[९८] बेची गरिदिएको राजीनामापत्र यो हो । यस लिखतमा बेच्नेका बाबु हरिराम मुल्मी भारो दृष्टसाक्षी राखिएका छन् । लिखत ठाउँ ठाउँमा मूसाले काटेकोले सबै बेहोरा आउँदैन ।

मूलपाठ

१. **१ श्रेयोऽस्तु ।। सम्वत् ८२३ श्रावणशुक्ल ॽएकादश्यान्तिथौ ।। श्रीललितब्रुमायां श्रीमाणीग्लके नैऋत्य-स्थ ॽ वंला मधुमगुडि लं यन्ता दुंदु गृह विश्वनाथ मुल्मी भारोस नाम्न स्वक्रीयं स्वभुज्यमानिकं वंला लं येता गृह दैवज्ञ नारा(यण)यास ना-**

२. **म्ना सकासात् चिना☆[९९]☆[क्षे][१००]त्रनामप्रदेशे ॽ श्रीश्रीराजया ☆[१०१]☆[१०२] [प]श्चिमतः जागुठिया क्षेत्रेणो[त्तरतः] ☆☆ किया गोविन्द भारो फुकिं ☆☆☆[१०३]☆☆☆☆ तिः गुठिया क्षेत्रेण दक्षिणतश्च ☆[१०४]☆☆☆☆☆☆[१०५] त्रस्त्रयो जवाङ्क जव स्व ३ त ☆☆[स][१०६]कर्षकं समपरि-**

३. **भोग्यं यथानगर[का[१०७]र]प्र[१०८]वर्त्तमानस्तथा संचाराष्वेंण[१०९] [यथो]ि[११०]चत्मूल्यामादाय क्रयविक्रय[स्वाधीनत्वं कृत्वा] ते[१११]नानिवर्तकंन्यायेन ☆[११२]☆☆☆☆☆☆☆☆[भ][११३]वति यदि स्याद्दैवीक[रा[११४]जिकं विना यदि शङ्कटवादविव[११५]]ाडकाले तदा धार्ण्णकेन [प[११६]रिशोधनी]यं ॽ**

---

९८. बेचिएको खेत कहाँको हो र त्यसको नापो कति हो भन्ने कुरा ताडपत्र मूसाले काटेकोले स्पष्ट खुल्दैन । ठाउँको हकमा खालि अघिल्ला २ अक्षर **चिना** मात्र र नापोको हकमा **त्रस्त्रयो जवाङ्क स्व ३** मात्र देखिन्छ ।

९९. **ना**भन्दा पछाडिको अक्षरको बायाँपट्टिको माथिल्लो भाग अलिकति देखिन्छ ।

१००. **त्र**भन्दा अगाडिको अक्षरको दायाँपट्टिको अलिकति अंश देखिन्छ ।

१०१. **या**भन्दा पछाडिको अक्षरको दायाँपट्टिको अलिकति अंश देखिन्छ ।

१०२. **या**भन्दा पछाडिको दोस्रो अक्षरको डिको मात्र देखिन्छ ।

१०३. **किं**भन्दा पछाडिका ३ अक्षरका डिका मात्र देखिन्छन् ।

१०४. **श्च**भन्दा पछाडिको अक्षरको बायाँपट्टिको अलिकति अंश देखिन्छ ।

१०५. **त्र**भन्दा अगाडिको अक्षरको बायाँपट्टिको तल्लो भाग अलिकति देखिन्छ ।

१०६. **त**भन्दा पछाडिका अक्षरका डिका मात्र देखिन्छन् ।

१०७. **र**भन्दा पछाडिको अक्षरको बायाँपट्टिको भाग देखिन्छ ।

१०८. **प्र**को माथिल्लो भाग देखिँदैन ।

१०९. **र्षेण** यी २ अक्षरमा मसी लतपतिएको जस्तो देखिन्छ ।

११०. यी अक्षरका सबभन्दा तलका अत्यल्प अंश मात्र देखिन्छन् ।

१११. यस अक्षरको डिको र एकलख देखिँदैन ।

११२. **न**भन्दा पछाडिको अक्षरको माथिल्लो भाग अलिकति देखिन्छ ।

११३. **व**भन्दा अगाडिको अक्षरको दायाँपट्टिको अलिकति अंश देखिन्छ ।

११४. **क**भन्दा पछाडिको अक्षरको माथिल्लो भाग अलिकति देखिन्छ ।

११५. **ड**भन्दा अगाडिको अक्षरको सामै र त्यसभन्दा अगाडिको अलिकति अंश देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अत्र पत्रार्थे

४. **साक्षि धाण्र्णकस बोबा हरिराम मुल्मी भारो दृष्टः ।। थ्व बुया तलपति धाण्र्णकसे मेलेबुयाओ[११७] ☆☆[११८] पति ने चोंग्वस मकाया मा☆☆☆☆☆भ[११९]ण्णकसन्न क्यन्नेमाल जुरो ।। ☆[१२०]☆☆☆☆☆☆ सर्व्व सोधान पाचकं धुंग[व[१२१] जुरो ।।] शुभ ।।**

१२ सङ्ख्या
ने.सं. ८२९ (वि.सं. १७६६) ज्येष्ठकृष्णत्रयोदशी
यस ताडपत्रको फ्याक्सिमिलि तल २३२ पृष्ठमा छ ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ । त्यस छापको वरिपरि १९ वटा थोप्ला छन् । त्यसपछि वृत्ताकार घेरा छ । ती घेराभित्र **श्री** लेखिएको छ । श्रीको शिरमा एउटा थोप्ला छ ।

❑ ❑ ❑

ललितब्रुमामा मानिग्लदेखि पूर्वपट्टि रहेको चालाछेको सडकदेखि दक्षिणपट्टि घर भएका भाइसहितका जयकृष्ण भारोले आफ्नो हकभोगको यम्बलंमगुडिको बाटेदेखि दक्षिणपट्टि घर भएका जागेश्वर भारोलाई त्यही चालाछेको बाटेदेखि दक्षिणपट्टि रहेको ४ खा पातालजग्गा बेची गरिदिएको राजीनामापत्र यो हो । यस लिखतमा बेच्नेका भाइ मनोहरसिंह भारो दृष्टसाक्षी राखिएका छन् ।

मूलपाठ

१. **१ श्रेयोऽस्तु ।। सम्वत् ८२९ ज्येष्ठकृष्णत्रयोदश्यान्तिथौ ।। श्रीललितब्रुमायां श्रीमानीग्लात्पूर्व्वस्थ ↘ चालाछे चाक्ल येता गृह जयकृष्ण भारो भ्रात्तेसहनाम्नेन स्वकीयं स्वभुज्यमानिकं ↘ यम्बलंमगुडि लं येता गृह जागेश्वर भारोस नाम्ना सकाशात् ↘ स एव चालाछे चा-**

२. **क्ल येता गृह पातालनामप्रदेशे ↘ फलेचो भागीराम भारोस भुवो द्वयो ↘ शिमायां पश्चिमत् स एव भागीराम भारोस गृहव ↘ विश्वनाथ वैद्य भारोस गृहव द्वयो शिमायां उत्तरत ↘ स एव विश्वनाथ भारो गृहेण पूर्व्वत ↘ रथमार्ग्गेण दक्षिणत एतन्मध्ये र-**

३. **थमार्ग्गेण दक्षिणप्रवेश उत्त्राभिमुख तद्गृह जाव पातालन खा पि ४ तद्गृहवसतिबाहिरिद्वारांगण-श्यण्डिनीकायक्षणीस्थाप्नश्रृङ्कलिश्छाद्य सोसिमासह सकर्षकं समपरिभोग्यं यथानगरकालप्रवर्त्तमानस्तथा**

११६. **न**भन्दा पछाडिको अक्षरको माथिल्लो भाग अलिकति देखिन्छ ।

११७. **ओ**को बायाँपट्टिको भाग मात्र देखिन्छ ।

११८. **प**भन्दा अगाडिको अक्षरको तर्कुल्ले स्पष्ट देखिन्छ, मूल अक्षर अस्पष्ट छ ।

११९. यो अक्षर त्यति स्पष्ट छैन ।

१२०. यस अक्षरको बायाँपट्टिको अलिकति अंश देखिन्छ ।

१२१. यस अक्षरको बायाँपट्टिको अलिकति अंश देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संचारर्षेण यथोचिन्मूल्यमादाय क्रयविक्र-

४. **यस्वाधिनेन तेनानिवर्त्तकंन्यायेन क्रयेण विक्रयेत्तं भवति यदि स्याद्देवीकराजिक विना तद्दूहपातालस शंकटविवादकाले तदा धार्ण्णकेण परिशोधणीयं अत्र पत्रार्थे साक्षि धार्ण्णकस भ्रात्ते मनहोलसिंह भारो दृष्टः ॥**

१३ सङ्ख्या

ने.सं. ८३२ (वि.सं. १७६८) फाल्गुनकृष्णद्वितीया

यस ताडपत्रको फ्याक्सिमिलि तल २३३ पृष्ठमा छ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ। त्यस छापको वरिपरि थोप्ला छन्। यो छाप ठाउँठाउँमा फुटेकोले र धेरै ठाउँमा थोप्ला टाँसिएको जस्तो भएकाले यति नै थोप्ला थिए भनी भन्न सकिँदैन। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र **श्री** लेखिएको छ। **श्री**को शिरमा एउटा थोप्ला छ।

❑ ❑ ❑

ललितब्रुमामा मानिग्लदेखि दक्षिणपट्टि रहेको नरिद्बबाहारको सडकदेखि उत्तरपट्टिको घरका भाइसहितका शाक्यवंश जयधर्मसिंहलाई तवबहालका पूर्वोत्तर कोणमा घर भएका वज्राचार्य कुतुदेवले आफ्नो हकभोगको शाखुजोल भन्ने ठाउँको ६ रोपनी १ जव (४ आना) खेत बेची गरिदिएको राजीनामापत्र यो हो। यस लिखतमा बेच्नेका छोरा वज्राचार्य धनपति दृष्टसाक्षी राखिएका छन्।

❑ ❑ ❑

बेचिएको खेतको चारकिल्ला खुलाउँदा पूर्वपट्टिका सँधियारलाई **धर्मभाणक** (मूलमा- **धर्मभानक**) भनिएको छ। यस शब्दले बौद्धधर्मको सिद्धान्तको व्याख्या गर्ने मान्छेलाई बुझाउँछ। नेपालका कुनै कुनै अभिलेखमा यो शब्द आएको देखिएको छ। यस प्रसङ्गमा सिँजा साम्राज्यका राजा पृथ्वी मल्लको कीर्तिस्तम्भ अर्थात् शाके १२७९ (वि.सं. १४१४) ज्येष्ठकृष्णएकादशी आदित्यवारको शिलास्तम्भमा भिक्षुहरूलाई, द्विज अर्थात् ब्राह्मणहरूलाई, धर्मभाणकहरूलाई र सूत्रधारकहरूलाई राजा पृथ्वी मल्लले आफ्नो राज्यमा करमुक्त गरे भनी लेखेको कुराको सम्झना हुन्छ।[१२२]

मूलपाठ

१. **᳚ श्रेयोऽस्तु ॥ सम्वत् ८३२ फाल्गुणकृष्णः ॥ द्वितीयायां तिथौ ॥ श्रीललितब्रुमायां श्रीमाणीग्ला-द्दक्षिणस्थः ॥ नरिद्बबाहार चाकलं यंता गृह ॥ शाक्यवंश श्रीजयधर्म्मसिंहजुस भ्रातृसहनाम्ना सकाशात् ॥ तवबाहार यंकुलि गृह वज्राचार्य्य श्रीकुतुदेवजुस नाम्नः**

२. **स्वकीयं स्वभुज्यामानिकं ॥ शाषुजोलक्षेत्रनामप्रदेशे ॥ जोङबाहारया शिल्पिकाल धर्म्मराज भारोस क्षेत्रशीमायाः पश्चिमतः ॥ धलवो श्रीधर्म्मभानकजुसवो द्वयो शीमाया उत्तरतः ॥ ग्राहकयावो फुकिंजयाओ**

१२२. *परिशिष्ट खण्ड* २०२८: ८ मा २२ श्लोक।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द्वयो प्रपातशीमायां पूर्व्वतः ।। पुरचोया भर भारोयाओ नो-

३. **ग्ल श्रीरत्नमुनिजुयाओ द्वयो शीमायां दक्षिणतश्च ।। एतेषाम्मध्ये मेकजवाधिकषट्रोपनिकं रोवाङ्क रोव षु ६ जवछि १ ध्वतेस धार्ण्णकस्वाधिकाल अर्द्धभाग जुक्व जुरो ।। तत्क्षेत्र शकर्षकं स्मपरिभोग्यं यथानगरकालप्रवर्त्तमानस्तथा संचारार्घेण यथोचिन्मू-**

४. **ल्यमादाय क्रयविक्रियस्वाधिनेन तेनानिवर्त्तकं न्यायेन क्रयेन विक्रीयन्तं भवति यदि स्यादैविकराजिकं विना ता क्षेत्रया शंकटव्यावादकाले तदा धार्ण्णकेन परिसोधनीयं अत्र पत्रार्थे साक्षि धार्ण्णकस्य पुत्र वज्राचार्य्य श्रीधनपतिजुस दृष्टः ता क्षेत्रया सर्व्वसोधान पुर-**

(दायाँ किनारामा छड्के पारेर)

१. न्न पाचकं धु-

२. ग्व जुरो ।। शुभं ।(।)

(पछाडि)

श्र षुजोल बु क्रीपत्र ।।

१४ सङ्ख्या

ने.सं. ८६x मार्गशुक्लत्रयोदशी

यस ताडपत्रको फ्याक्सिमिलि तल २३४ पृष्ठमा छ ।

यस लिखतमा बायाँपट्टि फट्केमा मायको छाप छ । त्यस छापको वरिपरि थोप्ला छन् । दायाँपट्टिका केही थोप्ला मेटिइसकेकाले अहिले २६ वटा थोप्ला मात्र साबुत देखिन्छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र सबभन्दा माथि **श्री** लेखिएको छ । **श्री**को बीच भागदेखि तलसम्म आउने गरी दायाँबायाँ दुवैपट्टि चन्द्र राखिएका छन् । **श्री**को मुनि कछुवा छ ।त्यो छाप १८ सङ्ख्याको लिखतको जस्तै छ ।

❑ ❑ ❑

ने.सं. ८४९ (वि.सं. १७८६) भाद्रकृष्णद्वादशीको दिन योगप्रकाश मल्ल परलोक भए[१२३]पछि पाटनको गद्दीमा बसेका विष्णु मल्ल ने.सं. ८६५ (वि.सं. १८०२) श्रावणशुक्लअष्टमीको दिन परलोक भएकाले[१२४] उनको यस लिखतमा एकस्थानी अङ्क नष्ट भई शतस्थानी अङ्क ८ र दशस्थानी अङ्क ६ मात्र बाँकी रहेकोले ने.सं. ८६० देखि ने.सं. ८६५ मार्गशुक्लत्रयोदशीभित्रको लिखत यो हुनुपर्छ ।

❑ ❑ ❑

१२३. *भाषावंशावली* २ भागः ७५ ।

१२४. नयराज पन्त आदि २०२५: ७४५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजा विष्णु मल्लले दोपातको बाटेदेखि पश्चिमपट्टि बस्ने देवराम भावोलाई धाकसि भन्ने ठाउँको ८ कर्ष, ख्वात भन्ने ठाउँको साढे २ कर्ष, याहोदोल भन्ने ठाउँको ४ कर्ष बारी, छोथपाकु भन्ने ठाउँको ३ रोपनी खेत, देशक्व भन्ने ठाउँको ४ कर्ष बारी २८० मोहर टङ्कामा बेची गरिदिएको राजीनामापत्र यो हो । यस लिखतमा नन्दराज (?) (मूलमा- **नन्दरार**) कुह्मर दृष्टसाक्षी राखिएका छन् ।

मूलपाठ

१. ? स्वस्ति ।। श्रीमाणीग्लाधिपति महाराजधिराज श्रीश्रीजयविष्णुमल्लदेव प्रभु थाकुरसन ⸜ दोपात लं यंता गृहनिवासी ग्राहक ⸜ देवराम भावोस नाम्ने प्रसादीकृतं ।। धाकसिवाटिकानाम-

२. प्रदेशे ।। श्रीराज्ञो सिमायां पश्चिमोत्तरतः पूर्व्वतः दक्षिणतश्च ।। एतन्मध्ये तद्वाटिका अष्टकर्षाङ्क कर्ष च्या ८ भूय ⸜ ख्वातवाटिका सार्द्धद्वयोकर्षाङ्क कर्ष नसि २ याहोदोलवाटिका सभु लँ

३. ङ्क कर्ष पि ४ छोथपाकु क्षेत्र त्रयरोपनिकं रोव स्वं ३ देशक्व वाटिका चतुरकर्षाङ्क कर्ष पि ४ एतत्क्षेत्रवाटिका यथानगरकाल प्रवर्त्तमान सुवर्ण्णपुष्पमालार्थ प्रढौकृत मोहो-

४. र टंका नेसलचय २८० आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीण प्रसादारपा जुरो ⸜ अत्र पत्रार्थे दृष्टसाक्षी श्रीनन्दरार कुह्मरजुस ⸜ सम्वत् ८६X (म)[१२५]ार्गशिरशुक्ल ।। त्रयोदश्यान्तिथौ ।

५. [१२६]भूय सार्द्धद्वयोरोपनिकं रोव नसित्या २× [१२७]जव नसि २ [१२८]कर्षाङ्क

१५ सङ्ख्या

ने.सं. ८६६ (वि.सं. १८०२) पौषशुक्लषष्ठी

यस ताडपत्रको फ्याक्सिमिलि तल २३५ पृष्ठमा छ ।

यस छापको बायाँपट्टिको आधा भाग नै फुटी हराइसकेको छ । बाँकी भागमा १७ वटा थोप्ला साबुत छन् । त्यसपछिको वृत्ताकार घेरा पनि आधा मात्र बाँकी छ । त्यसभित्र अघिल्लो पङ्क्तिमा **श्री** र त्यसपछिको पङ्क्तिमा **व** देखिन्छ । त्यसको बायाँपट्टिको वस्तुको आधा भाग मात्र देखिएकोले त्यसलाई खुट्ट्याउन सकिएन ।

❑ ❑ ❑

राजा राज्यप्रकाश मल्लले हौगल (मूलमा- **हातिग्ल**)को बाटेदेखि उत्तरपट्टि पश्लछेको १ खा १ जव र साढे १७ हात नापो भएको घर तम्वतमगुडिननिको नैर्ऋत्य अर्थात् दक्षिण-पश्चिमपट्टिको घरमा बस्ने उमाकान्त ओझालाई

---

१२५. **र्ग**भन्दा अगाडिको अक्षरको दायाँपट्टिको तल्लो भाग अलिकति देखिन्छ ।

१२६. चौथो पङ्क्तिको **पत्रार्थे**को **प**को मुनिदेखि पाँचौँ पङ्क्ति शुरू गरिएको छ ।

१२७. चौथो पङ्क्तिको **(म)ार्ग**को **(म)ा**को मुनिदेखि **जव**को **ज**देखि लेखिएको छ ।

१२८. चौथो पङ्क्तिको **त्रयोदश्या**को **द**को मुनिदेखि **कर्षाङ्क**को **क**देखि लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ८६६ (वि.सं. १८०२) पौषशुक्लषष्ठीको दिन दान गर्दा छोटो सङ्कल्पको शैलीमा लेखिएको,[१२९] दानवाक्यसहितको दानपत्र यो हो । यस लिखतमा पतकोका विश्वानन्द उपाध्याय शर्मा दृष्टसाक्षी राखिएका छन् । यो लिखत राजदैवज्ञ नरेन्द्रराजले तयार पारेका हुन् ।

❑ ❑ ❑

यस लिखतमा दानीय ब्राह्मण उमाकान्त ओझा शर्मामा **विप्र** अर्थात् **ब्राह्मण** र साक्षी राखिएका विश्वानन्द उपाध्याय शर्मामा भने **द्विजवर** अर्थात् **ब्राह्मणमा श्रेष्ठ** भन्ने विशेषण जोडिएको छ । तात्कालिक चलनअनुसार नेवारराज्यमा खास गरी राजाका गुरुपुरोहित राजोपाध्याय अर्थात् द्यौभाजू ब्राह्मणलाई **द्विजवर** र अरू ब्राह्मणलाई **विप्र, ब्राह्मण** वा उसको थर मात्र लेख्ने गरिएकोको कुराका थुप्रै उदाहरणमध्ये यो एक हो ।[१३०]

मूलपाठ

१. **१ ॐ स्वस्ति ।। अद्य वराहकल्पेत्यादि ।। श्रेयोऽस्तु ।। सम्वत् ८६६ पौषमासे शुक्लपक्षे ।। षष्ठ्यान्तिथौ ।। अस्मिन्दिने श्रीमाणीग्लाधिपतिमहाराजाधिराज ↘ श्रीश्रीजयराज्यप्रकाशमल्लदेव-वर्म्मणा ↘ हातीग्ल लं यौता पश्लछे गृह नामप्रदेशे ।। मार्ग्गेण पश्चि-**

२. **मोत्तरतः चैत्रकार कृष्णसिंह पुनया गृहेण पूर्व्वतः कर्ण्णिकार तवधिक भारोस गृहेण दक्षिणतश्च ।। एतन्मध्ये मार्ग्गेण पश्चिमप्रवेश ↘ तद्गृह जाव खाछि १ जवछि १ कु श्लमह्नसत्या १७× एतद्गृह तम्वतमगुडिननि योकुलि गृहवासितविप्रश्रीउमाका-**

३. **न्तओझाशर्म्मणे संप्रदत्तं भवति ।।**

न विषं विषमित्याहुर्ब्रह्मस्वं विषमुच्यते ।
विषमेकाकिनं हन्ति ब्रह्मस्वं पुत्रपौत्रकं ।।

दत्तपत्रार्थे साक्षि पतको लं यौता गृह ↘ द्विजवरश्रीविश्वानन्दोपाध्याशर्म्मणे दृष्टः ।। राजदैवज्ञनरेन्द्र-राजेन लिखितं ।।

(पछाडि)

श्रीउमा ओझा

---

१२९. सङ्कल्पको शैलीमा लेखिए पनि तिथिसम्म मात्र हालिने दानपत्रको विषयमा महेशराज पन्त २०७०: § ५.१.१ = ६ हेर्नू ।

१३०. यस विषयमा महेशराज पन्त २०६४: २०१ मा ४१ सङ्ख्याको टिप्पणीमा अलिकति लेखिएको छ । बङ्गाली ब्राह्मण भट्टाचार्यको लिखतमा उनलाई **द्विजवर** र उनका छोरालाई **विप्र** (महेशराज पन्त २०५२: ५ मा १७५ सङ्ख्या), भट्ट ब्राह्मणको लिखतमा उनलाई र उनका छोरालाई **द्विजवर** लेखिएको छ (ऐजन: २६-२७ मा २१२ सङ्ख्या) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्या

ने.सं. ६४८ (वि.सं. १५८४) माघपूर्णिमाको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि १९५ पृष्ठमा छ ।









CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्या

नेसं. ६४९ (वि.सं. १५८५) पौषशुक्लत्रयोदशीको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि १९७ पृष्ठमा छ।

१.
२.
३.



१.
२.



१.
२.



१.
२.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ सङ्ख्या

ने.सं. ६७८ (वि.सं. १६१४) मार्गशुक्लअष्टमीको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि १९८ पृष्ठमा छ ।







(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

४ सङ्ख्या

ने.सं. ६९९ (वि.सं. १६३६) आषाढकृष्णसप्तमीको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि १९९-२०० पृष्ठमा छ ।

१.
२.
३.



१.
२.



१.
२.



१.
२.



(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

५ सङ्ख्या

ने.सं. ७१७ (वि.सं. १६५४) भाद्रपूर्णिमाको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २०१ पृष्ठमा छ ।





CC-0. Nepal Sanskrit Academy, Kathmandu

६ सङ्ख्या

ने.सं. ७२० (वि.सं. १६५६) फाल्गुनशुक्लचतुर्दशीको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २०२ पृष्ठमा छ ।



(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

७ सङ्ख्या

नेसं. ७४१ (विसं. १६७७) मार्गशुक्लचतुर्थीको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २०३-२०४ पृष्ठमा छ ।









CC-0. Nepal Sanskrit Academy, Kathmandu

८ सङ्ख्या

ने.सं. ७८१ (वि.सं. १७१८) भाद्रशुक्लपञ्चमीको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २०४-२०५ पृष्ठमा छ ।









(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

९ सङ्ख्या

ने.सं. ८१५ (वि.सं. १७५१) मार्गशुक्लषष्ठीको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २०६-२०७ पृष्ठमा छ ।

१.
२.
३.


१.
२.


१.
२.


१.
२.


(पछाडि)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१० सङ्ख्या

ने.सं. ८१९ (वि.सं. १७५५) माघशुक्लपञ्चमीको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २१४ पृष्ठमा छ ।











(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

११ सङ्ख्या

ने.सं. ८२३ (वि.सं. १७६०) श्रावणशुक्लएकादशीको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २१५-२१६ पृष्ठमा छ ।

१.
२.
३.
४.



१.
२.
३.
४.



१.
२.
३.
४.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

१२ सङ्ख्या

नेसं. ८२९ (वि.सं. १७६६) ज्येष्ठकृष्णत्रयोदशीको फ्याक्सिमिलि
यस ताडपत्रको पाठ माथि २१६-२१७ पृष्ठमा छ ।







CC-0. Nepal Sanskrit Academy, Kathmandu

१३ सङ्ख्या

ने.सं. ८३२ (वि.सं. १७६८) फाल्गुनकृष्णद्वितीयाको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २१७-२१८ पृष्ठमा छ।

१.
२.
३.
४.



१.
२.
३.
४.



१.
२.
३.
४.



(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

१४ सङ्ख्या

ने.सं. ८६× मार्गशुक्लत्रयोदशीको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २१९ पृष्ठमा छ ।

१.
२.
३.
४.



१.
२.
३.
४.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

१५ सङ्ख्या

नेसं. ८६६ (विसं. १८०२) पौषशुक्लषष्ठीको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २२० पृष्ठमा छ ।

१.
२.
३.



१.
२.
३.



१.
२.
३.



(पछाडि)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

इतिहासको कुरा २०४०

= ई.सं. १९८४ (वि.सं. २०४०) मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिच्यूटद्वारा प्रकाशित *रोलम्ब* ४ ठेली १ अङ्कका ३२-३४ पृष्ठमा छापिएको *इतिहासको कुरा* ।

गोविन्द टण्डन २०५६

= वि.सं. २०५६ मा काठमाडौँबाट झरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* २ भाग ।

गौतमवज्र वज्राचार्य २०२४

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १४ पूर्णाङ्कका १३३-१३९ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *ठ्यासफुको ऐतिहासिक व्याख्या* ।

गौतमवज्र वज्राचार्य २०३३

= वि.सं. २०३३ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको *हनूमान्ढोका राजदरबार* ।

गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१८

= वि.सं. २०१८ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्य र महेशराज पन्तको *अभिलेख-संग्रह* ३ भाग ।

घनश्याम सुवेदी आदि २०११

= वि.सं. २०११।५।२१।२ मा काठमाडौँबाट घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतमवज्र वज्राचार्य र कुमारधर शर्माद्वारा प्रकाशित; उनीहरूकै

इतिहास-संशोधन

(२ संख्या)

श्री बालचन्द्र शर्मा एम्.ए. साहित्यरत्नजी भानिजलाई छोरो भनी कल्पना गर्नु हुन्छ,
मुद्राको अक्षर अशुद्ध पढ्नु हुन्छ, शासनकालमा पनि गडवड[1]** गर्नु हुन्छ ।*

जान कर लाक २०४१/४२

= ई.सं. १९८५ (वि.सं. २०४१/४२)मा काठमाडौँबाट सहयोगी प्रेसद्वारा प्रकाशित, जान कर लाकको *बुड्इस्ट् मनुअसूटरिज् अफ् नेपाल् : अ सर्‌भे अफ् द बाहाज् यान्ड् बहिज् अफ् द काठ्मान्डू भ्याल्इ* (नेपालका विहार–काठमाडौँखाल्डोका बहाल र बहिलको निरीक्षण) ।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* ३ भाग ।

डिल्लीरमण रेग्मी २०२३ क

= ई.सं. १९६६ (वि.सं. २०२३) मा पटनाबाट डिल्लीरमण रेग्मीद्वारा प्रकाशित, उनैको *मेड्इईभल् नेपाल्* ४ भाग ।

धनवज्र वज्राचार्य २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्यको प्रधानसम्पादकत्वमा रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा सम्पादित *इतिहास-संशोधनको प्रमाण-प्रमेय* ।

---

१. यहाँ जहाँ जहाँ यस्तो * चिह्न दिइएको छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धनवज्र वज्राचार्य २०५६
= वि.सं. २०५६ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *मध्यकालका अभिलेख* ।

धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल २०१०
= वि.सं. २०१० मा काठमाडौँबाट नरहरिनाथ र बुद्धिसागर पराजुलीको सम्पादकत्वमा प्रकाशित *संस्कृत-सन्देश* १०-१२ अङ्कका ५९-६९ पृष्ठमा छापिएको धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालको *वि.सं. १७५५ समयस्य नेपालोपत्यकायाः स्थितेः परिचायकं ताम्रपत्रशासनम्* (वि.सं. १७५५ को नेपालखाल्डोको स्थितिको चिनारी दिने ताम्रपत्र) ।

नयराज पन्त आदि २०२५
= वि.सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश [४०१-८००पृष्ठसम्म]* ।

निकोलस गेर्‌भास रोड्स आदि २०४५/४६
= ई.सं. १९८९ (वि.सं. २०४५/४६) मा लन्डनबाट रइअल न्यूमिज्म्याट्इक ससाइइटिबाट प्रकाशित, निकोलस गेर्‌भास रोड्स, कार्ल ग्राबिश र कार्लो फाल्देत्तारो पोन्तेकोर्‌भो देला रोसेताको *कइन्‌एज् अफ् नेपाल्* (नेपालका सिक्का) ।

परिशिष्ट खण्ड २०२८
= वि.सं. २०२८ मा जुम्लाबाट सामाजिक अध्ययनसमुदायद्वारा प्रकाशित, भीमप्रसाद श्रेष्ठद्वारा सम्पादित *कर्णाली प्रदेश एक बिटो अध्ययन*मा गाभिएको *परिशिष्ट खण्ड* (१-२२ पृष्ठ) ।

पीटर बर्लि २०३२/३३
= ई.सं. १९७६ (वि.सं. २०३२/३३) मा काठमाडौँबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित, *कैलाश*[२] ४ वर्षका २१-७१ पृष्ठमा छापिएको, पीटर बर्लिको *अ क्रोनल्‌अजि अफ् द लेटर् किङ्ग्ज्‌अफ् पाटन्* (पाटनका पछिल्ला राजाहरूको कालनिर्णय) ।

पूर्णरत्न वज्राचार्य २०२३
= वि.सं. २०२३ मा काठमाडौँबाट वीरपुस्तकालयद्वारा प्रकाशित, पूर्णरत्न वज्राचार्यद्वारा सम्पादित *नेपाल राजकीय-वीरपुस्तकालयस्थपुस्तकानां बृहत्सूचीपत्रम्* (नेपाल राजकीय वीरपुस्तकालयमा रहेका पुस्तकको ठूलो सूचीपत्र) ७ भाग, २ खण्ड ।

पूर्णरत्न वज्राचार्य २०४८
= वि.सं. २०४८ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय अभिलेखालय-द्वारा प्रकाशित *अभिलेख* ९ पूर्णाङ्कका १२५-१३६ पृष्ठमा छापिएको, पूर्णरत्न वज्राचार्यको *भूमिसम्बन्धी ताडपत्रहरू*।

पूर्णरत्न वज्राचार्य २०४९
= वि.सं. २०४९ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय अभिलेखालय-द्वारा प्रकाशित *अभिलेख* १० पूर्णाङ्कका ८७-१२२ पृष्ठमा छापिएको, पूर्णरत्न वज्राचार्यको *भूमिसम्बन्धी केही ताडपत्र-तमसूक*।

फुल्जेन्‌तिउस भान्‌निनि २०३३
= ई.सं. १९७७ (वि.सं. २०३३) मा नयाँ दिल्लीबाट प्रकाशित, फुल्जेन्‌तिउस भान्‌निनिको *क्रिस्‌चन् सेट्‌ल्मन्ट्स् इन् नेपाल् ड्यूरङ् दि एटीन्थ् सेन्‌चुरइ* (अठाह्रौँ शताब्दीमा नेपालमा क्रिस्तान बस्तीहरू) ।

---

२. **कैलास**को **स** दन्त्य हुनुपर्नेमा तालव्य **श** भएकोले पाश्चात्त्यहरूको र तिनका पिछलग्गूहरूको संस्कृतज्ञानको इयत्ता देखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भाषावंशावली २ भाग

= वि.सं. २०२३ मा श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित, देवीप्रसाद लंसालद्वारा सम्पादित *भाषावंशावली* २ भाग।

भोलानाथ पौडेल २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* २ पूर्णाङ्कका ११-२० पृष्ठमा छापिएको, भोलानाथ पौडेलको *जितामित्र मल्लका कृतिहरू* ।

भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०१७

= वि.सं. २०१७।३।१० मा काठमाडौँबाट भोलानाथ पौडेल र धनवज्र वज्राचार्यद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन*

(५१ क्रमागत संख्या)

भक्तपुरका दुइ अप्रकाशित शिलालेखको प्रकाश

*प्रतापमल्ल भक्तपुर विगार्दै * आफ्नो दरबार हनूमानूढोका सिंगार्दथे* ।

महेशराज पन्त २०४९

= वि.सं. २०४९ मा प्रकाशित *पूर्णिमा* ८२ पूर्णाङ्कका ६७-७० पृष्ठमा छापिएको, महेशराज पन्तको *लक्ष्मीनरसिंह मल्लका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका चारवटा लिखतपत्र (वि.सं. १६८०, १६८७, १६९६)* ।

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८४ पूर्णाङ्कका ४९-६२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५० क

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८५ पूर्णाङ्कका ९-४० पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५२

= वि.सं. २०५२ मा प्रकाशित *पूर्णिमा* ८८ पूर्णाङ्कका १-३८ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्य र ब्राह्मण* ।

महेशराज पन्त २०५५

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९४ पूर्णाङ्कका १-६० पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, विक्रमको पन्ध्रौंदेखि अठाह्रौँ शताब्दीभित्रका, अहिलेसम्म प्रकाशमा नआएका ७५ वटा लिखतपत्र* ।

महेशराज पन्त २०५५ क

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९५ पूर्णाङ्कका ३३-४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *ब्राह्मणसम्बन्धी, नेवारराज्यका, अहिलेसम्म प्रकाशमा नआएका पन्ध्रवटा ताम्रपत्र* ।

महेशराज पन्त २०५६

= वि.सं. २०५६ मा प्रकाशित *पूर्णिमा* ९७ पूर्णाङ्कका १३-४१ पृष्ठमा छापिएको, महेशराज पन्तको *भक्तपुरका राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, ४६ वटा लिखतपत्र (वि.सं. १५४७-१६९०)* ।

महेशराज पन्त २०५६ क

= *पूर्णिमा* ९७ पूर्णाङ्कका ४१-४२ पृष्ठमा छापिएको, महेशराज पन्तको *माधव, केशव र विष्णु मल्लको, ताडपत्रमा लेखिएको, अहिलेसम्म प्रकाशमा नआएको, एउटा लिखतपत्र* ।

महेशराज पन्त २०५६ ख

= वि.सं. २०५६ मा प्रकाशित *पूर्णिमा* ९८ पूर्णाङ्कका १-१५ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४३९ देखि १४६० सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, २० वटा लिखतपत्र* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०५७
= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* ९९ पूर्णाङ्कका ३-३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४६३ देखि १४८६ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ३८ वटा लिखतपत्र* ।

महेशराज पन्त २०५७ क
= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०० पूर्णाङ्कका १-३७ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, वि.सं. १४८७ देखि १५१२ सम्मका, अहिलेसम्म प्रकाशमा नआएका, ५२ वटा लिखतपत्र* ।

महेशराज पन्त २०५७ ख
= वि.सं. २०५७ मा प्रकाशित *पूर्णिमा* १०० पूर्णाङ्कका ३९-४१ पृष्ठमा छापिएको, महेशराज पन्तको *विष्णुसिंहका, माणिग्लाधिपति हुनुभन्दा अगाडिका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, २ वटा लिखतपत्र* ।

महेशराज पन्त २०५७ ग
= *पूर्णिमा* १०० पूर्णाङ्कका ४१-५० पृष्ठमा छापिएको, महेशराज पन्तको *विष्णुसिंह र उनका छोराहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, १५ वटा लिखतपत्र* ।

महेशराज पन्त २०५८
= ई.सं. २००२ (वि.सं. २०५८) मा काठमाडौँबाट पन्डिट पब्लिकेशन्जद्वारा प्रकाशित *आदर्श* २ सङ्ख्याका ६१-१५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *डक्युमन्ट्स् फ्रम् द रेग्मि रिसर्च् कलेक्शन्ज् १* (रेग्मी-अन्वेषण-सङ्ग्रहमा रहेका कागजात १ सङ्ख्या) ।

महेशराज पन्त २०६०
= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०८ पूर्णाङ्कका १६-३५ पृष्ठमा छापिएको, महेशराज पन्तको *विष्णुसिंहभन्दा अगाडिका, पाटनका शासकसँग सम्बद्ध , ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका १७ वटा लिखतपत्र* ।

महेशराज पन्त २०६१
= वि.सं. २०६१ मा प्रकाशित *पूर्णिमा* ११४ पूर्णाङ्कका १-५९ पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रका लिखतपत्रमा अधिमास* ।

महेशराज पन्त २०६४
= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२७ पूर्णाङ्कका १९०-२०९ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवार-राज्यमा ब्राह्मण– अर्को एउटा पत्र– भूपालेन्द्र मल्लको ने.सं. ८२० (वि.सं. १७५६) चैत्रपूर्णिमाको पत्र* ।

महेशराज पन्त २०६५
= वि.सं. २०६५ मा प्रकाशित *पूर्णिमा* १२८ पूर्णाङ्कका २७१-२८४ पृष्ठमा छापिएको, महेशराज पन्तको *सिद्धिनरसिंह मल्लका ४ वटा लिखतपत्र* ।

महेशराज पन्त २०६५ क
= *पूर्णिमा* १२८ पूर्णाङ्कका २९२-३१३ पृष्ठमा छापिएको, महेशराज पन्तको *महीन्द्र मल्लको पालाका ५ वटा शिलापत्र* ।

महेशराज पन्त २०६५ ख
= *पूर्णिमा* १२८ पूर्णाङ्कका ३१४-३१९ पृष्ठमा छापिएको, महेशराज पन्तको *महीन्द्र मल्लको एउटा र उनकी आमाको एउटा गरी २ वटा लिखतपत्र* ।

महेशराज पन्त २०६५ ग
= *पूर्णिमा* १२८ पूर्णाङ्कका ३२८-३३३ पृष्ठमा छापिएको, महेशराज पन्तको *महीन्द्र सिंह (भास्कर मल्ल) का ३ वटा लिखतपत्र* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०६६
= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १२९ पूर्णाङ्कका ५४-५८ पृष्ठमा छापिएको, महेशराज पन्तको *माणिगलाधिपति शिवसिंहको एउटा लिखतपत्र* ।
महेशराज पन्त २०६६ क
= *पूर्णिमा* १२९ पूर्णाङ्कका ५९-६२ पृष्ठमा छापिएको, महेशराज पन्तको *विश्वराज वैद्यसम्बन्धी अर्को एउटा लिखतपत्र* ।
महेशराज पन्त २०६६ ख
= *पूर्णिमा* १२९ पूर्णाङ्कका ६३-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *श्रीनिवास मल्लको एउटा लिखतपत्र* ।
महेशराज पन्त २०६६ ग
= वि.सं. २०६६ मा प्रकाशित *पूर्णिमा* १३० पूर्णाङ्कका १३६-१४४ पृष्ठमा छापिएको, महेशराज पन्तको *यक्ष मल्लसम्बन्धी २ वटा तात्कालिक टिपोट* ।
महेशराज पन्त २०६६ घ
= वि.सं. २०६६ मा *पूर्णिमा* १३१ पूर्णाङ्कका १९३-२५५ पृष्ठमा छापिएको, महेशराज पन्तको *सबभन्दा पहिले प्रचारमा आएको ठ्यासफू २ खण्ड* ।
महेशराज पन्त २०६९
= वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३६ पूर्णाङ्कका ४५१-४९५ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवार राज्यमा ब्राह्मण– प्रताप मल्लका २ ताम्रपत्र* ।
महेशराज पन्त २०६९ क
= वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३८ पूर्णाङ्कका ११६-१२८ पृष्ठमा छापिएको, महेशराज पन्तको *ने.सं. ५३८ (वि.सं. १४७४) देखि ने.सं. ६४५ (वि.सं. १५८२) भित्रका, ताडपत्रका ४ वटा लिखत* ।
महेशराज पन्त २०७०
= वि.सं. २०७० मा काठमाडौँबाट नेपालकानूनआयोगद्वारा प्रकाशित *कानून आयोग पत्रिका*का १-५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यका कानूनी लिखत* ।
महेशराज पन्त २०७० क
= *पूर्णिमा*को यही अङ्कका १८१-१८९ पृष्ठमा छापिएको, महेशराज पन्तको *पुराना अभिलेखमा मानेश्वरी* ।
महेशराज पन्त छापिन बाँकी
= महेशराज पन्तको *ने.सं. ६३७ (वि.सं. १५७४) देखि ने.सं. ८८५ (वि.सं. १८२२) भित्रका, पाटन सौगलका वैद्यहरूका २४ वटा लिखत* ।
महेशराज पन्त छापिन बाँकी क
= महेशराज पन्तको *योगनरेन्द्र मल्लका लिखतमा साक्षी* ।
मोहनप्रसाद खनाल २०३०
= वि.सं. २०३० मा काठमाडौँबाट मोहनप्रसाद खनालद्वारा प्रकाशित, उनैको *मध्यकालीन* अभिलेख* ।
मोहनप्रसाद खनाल २०४०
= वि.सं. २०४० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *चाँगुनारायणका ऐतिहासिक सामग्री* ।
रवि शाक्य २०६४
= ने.सं. ११२८ (वि.सं. २०६४) मा ललितपुरबाट न्हू हिसु पुचःद्वारा प्रकाशित, रवि शाक्यको *यलया महापात्र जुजुपिनि इतिहास* (पाटनका महापात्र राजाहरूको इतिहास) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रामजी तेवारी आदि २०१९
= वि.सं. २०१९ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* ६ भाग।

रामजी तेवारी आदि २०१९ क
= वि.सं. २०१९ मा प्रकाशित, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* ७ भाग।

रामजी तेवारी आदि २०२०
= वि.सं. २०२० मा प्रकाशित, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* १० भाग।

रामजी तेवारी आदि २०२० क
= वि.सं. २०२० मा प्रकाशित, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *अभिलेख-संग्रह* ११ भाग।

रामजी तेवारी आदि २०२१
= वि.सं. २०२१ मा काठमाडौँबाट नेपाल सांस्कृतिक परिषद्‌द्वारा प्रकाशित; रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यको *ऐतिहासिक-पत्रसंग्रह* २ भाग।

लक्ष्मण सत्याल र अक्रूर कुइँकेल २०१२
= वि.सं. २०१२ ज्येष्ठसंक्रान्तिको दिन ललितपुरबाट लक्ष्मण सत्याल र अक्रूर कुइँकेलद्वारा प्रकाशित, उनीहरूकै *इतिहास-संशोधन*

(९ संख्या)

भक्तपुर र मकवानपुरको इतिहासमा एक नयाँ प्रकाश

आफ्नो देशको सच्चा इतिहास जान्न खोज्ने हो भने हामीहरूले आफैले परिश्रम गर्नुपरेको छ।

*विक्रमको अठार्हौं शताब्दी*का २ अप्रकाशित अभिलेखको प्रकाश।*

लक्ष्मण सत्याल आदि २०१२
= वि.सं. २०१२ माघपूर्णिमाको दिन काठमाडौँबाट लक्ष्मण सत्याल, ऐश्वर्यधर शर्मा, अक्रूर कुइँकेल र गौतमवज्र वज्राचार्यद्वारा प्रकाशित; उनीहरूकै *इतिहास-संशोधन [२१ संख्या]*

पुरातत्त्वका झलमलाउँदा रत्नहरू हराउँदैछन्

अन्धकार बढ्दैछ

बालचन्द्र अन्धकारमा ।

लूछ्याह्लो पेतेक २०१०
= ई.सं. १९५३ (वि.सं. २०१०) मा रोमबाट ला लिब्रेरिआ देल्लो स्तातोद्वारा प्रकाशित, लूछ्याह्लो पेतेकको ई *मिसुसिओनारि इतालिआनि नेल् तिबेत् ए नेल् नेपाल्* (भोटमा र नेपालमा धर्मप्रचार गर्ने इटालियनहरू) ४ भाग।

शङ्करमान राजवंशी २०२०
= वि.सं. २०२० मा प्रकाशित काठमाडौँबाट श्री ५ को सरकार पुरातत्त्वविभाग वीरपुस्तकालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *पुरातत्त्व-पत्रसंग्रह ३ भाग* ।

शङ्करमान राजवंशी २०२२
= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ६ पूर्णाङ्कका ३७-४४ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *योगनरेन्द्र मल्लका उत्तराधिकारी* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शङ्करमान राजवंशी २०२३
= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* १२ पूर्णाङ्कका १७-२१ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *सिद्धिनरसिंह मल्लभन्दा अगाडिका पाटनका शासकहरूका केही ताडपत्र* ।

शङ्करमान राजवंशी २०४०
= वि.सं. २०४० मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ७५ संख्याको नेपाली खण्डका ६-९ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *मल्लकालीन* भूमिसम्बन्धि तमसूक ताडपत्र* ।

शंकरमान राजवंशी २०४० क
= वि.सं. २०४० मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालय-द्वारा प्रकाशित, शंकरमान राजवंशीको *भूमिसम्बन्धि तमसूक ताडपत्र* १ भाग ।

शंकरमान राजवंशी २०४३
= वि.सं. २०४३ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालय-द्वारा प्रकाशित *अभिलेख* ४ अङ्कका ५-१५ पृष्ठमा छापिएको, शंकरमान राजवंशीको *भूमिसम्बन्धी ऐतिहासिक केही तमसूक ताडपत्र* ।

शंकरमान राजवंशी २०४४
= वि.सं. २०४४ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालय-द्वारा प्रकाशित, शंकरमान राजवंशीको *भूमिसम्बन्धी तमसूक-ताडपत्र* ४ भाग ।

शुक्रसागर श्रेष्ठ २०५७
= वि.सं. २०५७ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, शुक्रसागर श्रेष्ठको *कीर्तिपुरको सांस्कृतिक र पुरातात्त्विक इतिहास* ।

श्यामसुन्दर राजवंशी २०४२-४३
= वि.सं. २०४२-४३ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ९२-९७ संख्याको नेपाली खण्डका १५-१८ पृष्ठमा छापिएको, श्यामसुन्दर राजवंशीको *राजा वीर मल्लको भूमिसम्बन्धी तमसूक ताडपत्र* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) *का.मे.अ.द.नं. १५५/२४९*

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग

काठमाडौँ

नेपाल

फोन नं. ४६७०३८०

४३०१०२५

४४३५७४९

ई–मेल – samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौँ

वि.सं. २०७० चैत्र

यस अङ्कको मूल्य रु. ३००।-

यस अङ्कको लेआउट

पुरुषोत्तम महर्जनको

मुद्रक

श्री प्रेस

एकान्तकुना, जावलाखेल

ललितपुर

नेपाल

फोन नं. ५५३२८२२

ई-मेल – shreepress@wlink.com.np